बोदेबर्साइन नगरपालिका

# स्थानीय राजपत्र

खण्डः ४ संख्याः १ मितिः २०७७।०४।०१

# भाग–१

## बोदेबर्साइन नगरपालिका

बोदेबर्साइन, सप्तरी

प्रदेश नं २, नेपाल

# **बोदेबर्साइन नगरपालिकाको शिक्षा ऐन २०७६**

नगरसभा बाट पारित मिति २०७७।०३।३०

प्रस्तावनाः

बोदेबर्साइन नगरपालिका क्षेत्रमा बस्ने हरेक बालबालिका र नागरिकको शिक्षा सम्बन्धी हकलाई सुनिश्चित गर्ने, समग्र देशको विकासका लागि लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था अनुकूल वा नगरबासीहरूको ज्ञान,सिप,सदाचार र बौद्धिकता वृद्धि गर्न, शैक्षिक असमानतालाई न्यूनीकरण गरी गुणस्तरीय शिक्षामा सम्पूर्ण नगरबासीको सहज पहुँच कायम गर्न हाल सञ्चालन भइरहेका र नगर क्षेत्रभित्र स्थापना हुने विद्यालयको व्यवस्थापकीय सुधार गर्दै समय सापेक्ष शैक्षिक विकास गर्न वाञ्छनीय भएकाले,

बोदेबर्साइन नगरपालिकाको छैठौं नगर सभाले नेपालको संविधान २०७२ को धारा २२६(१) तथा स्थानीय  सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) ले प्रदान गरेको अधिकार प्रयोग गरी यो ऐन जारि गरेको छ ।

परिच्छेद–१

## **प्रारम्भिक**

**१. संक्षिप्त नाम र प्रारम्भ :** (१) यस ऐनको नाम " बोदेबर्साइन नगरपालिकाको शिक्षा ऐन, २०७६" रहेको छ ।
(२) यो ऐन बोदेबर्साइन नगरपालिकाको क्षेत्रभित्र लागु हुनेछ ।
(३) यो ऐन तुरुन्त लागु हुनेछ ।

**२. परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा
(क) "नगरपालिका" भन्नाले बोदेबर्साइन नगरपालिका बुझ्नु पर्दछ ।
(ख) "नगरसभा" भन्नाले "बोदेबर्साइन नगरपालिकाको नगरसभालाई" बुझ्नु पर्दछ ।
(ग) "विद्यालय शिक्षा" भन्नाले आधारभूत र माध्यमिक दुबै शिक्षा बुझ्नु पर्दछ ।
(घ) "आधारभूत शिक्षा" भन्नाले प्रारम्भिक बाल शिक्षादेखि कक्षा आठसम्म दिइने शिक्षा सम्झनु पर्दछ ।
(ङ) "माध्यमिक शिक्षा" भन्नाले कक्षा नौ देखि कक्षा बाह्रसम्मको शिक्षालाई बुझ्नु पर्दछ ।

(च) “विशेष शिक्षा” भन्नाले दृष्टिविहीन, कान नसुन्ने, अटिजम,बौद्धिक अपाङ्गता, सुस्तश्रवण वा अतिअशक्त शारीरिक असक्षम अवस्था भएका बालबालिकालाई छुट्टै समूहमा राखी दिइने शिक्षा सम्झनु पर्दछ ।

(छ) “प्राविधिक तथा व्यावसायिक शिक्षा” भन्नाले प्राविधिक ज्ञान,सिप,दक्षता तथा विषयवस्तुको सिकाइ गरी प्रविधि र व्यवसायको शिक्षा प्रदान गर्न कक्षा नौ देखि कक्षा बाह्रसम्म अध्यापन गराइने शिक्षालाई सम्झनु पर्दछ ।

(ज) “सामुदायिक विद्यालय” भन्नाले समुदायको पहलमा स्थापना गरिएको नाफारहित प्रकृतिको नेपाल सरकारबाट नियमित रुपमा अनुदान पाउने अनुमति वा स्वीकृति प्राप्त विद्यालय सम्झनु पर्दछ ।

(झ) “संस्थागत विद्यालय” भन्नाले व्यक्ति/संस्था वा समुदायको पहलमा स्थापना गरिएका नेपाल सरकारबाट नियमित रुपमा अनुदान नपाउने गरी अनुमति वा स्वीकृति प्राप्त विद्यालय बुझ्नु पर्दछ ।

(ञ) “प्रमुख ” भन्नाले नगरपालिकाको प्रमुखलाई सम्झनुपर्छ ।

(ट) “प्रमुख प्रशासकीय अधिकृत” भन्नाले नगरपालिकाको प्रशासकीय प्रमुखलाई सम्झनु पर्छ ।

(ठ) “नगर शिक्षा,युवा तथा खेलकुद शाखा प्रमुख” भन्नाले नगरपालिकाभित्र स्थानीय तहको शिक्षा सञ्चालन,व्यवस्थापन, नियमन,निर्देशन,अनुगमन र मूल्याङ्कन गर्ने तथा ऐन बमोजिम तोकिएका कार्य गर्न नेपाल सरकारले खटाएको कर्मचारी बुझ्नु पर्दछ ।

(ड) “शिक्षक” भन्नाले विद्यालयको कक्षाकोठा भित्र वा वाहिर बालबालिकाहरूको सिकाइलाई सहजीकरण गर्ने जिम्मेवारी प्राप्त अध्यापक सम्झनु पर्छ र सो शब्दले प्रधानाध्यापक समेतलाई जनाउँछ।

(ढ)“तोकिएको ” वा “तोकिए वमोजिम” भन्नाले यस ऐन अन्तर्गत बनेका नियमावली वा निर्देशिकामा तोकिएको वा तोकिए वमोजिम बुझ्नु पर्दछ ।

(ण) “कर्मचारी” भन्नाले सामुदायिक विद्यालयमा कार्यरत शिक्षक बाहेकका अन्य कर्मचारी बुझ्नु पर्दछ।

(त) “अनुमति” भन्नाले नेपाल सरकार वा नगरपालिकाले स्थायी स्वीकृति प्रदान गरी नसकेको कुनै
तोकिएको ठाउँ वा क्षेत्रमा विद्यालय खोल्न वा कक्षा थप गर्न दिइएको अस्थायी स्वीकृतिलाई जनाउँछ ।

(थ) “स्वीकृति” भन्नाले तोकिए वमोजिमको सर्त पूरा गरेको विद्यालयलाई नेपाल सरकार वा नगरपालिकाले दिएको स्थायी स्वीकृतिलाई जनाउँछ ।

(द) “आवासीय विद्यालय” भन्नाले नेपाल सरकार वा नगरपालिकाले आवासीय विद्यालयको रुपमा स्वीकृति प्रदान गरिएको विद्यालयलाई जनाउँछ ।

(ध) “शैक्षिक गुठी” भन्नाले विद्यालय सञ्चालन गर्नका लागि कुनै व्यक्ति वा समुदायले नाफा आर्जन नगर्ने उद्देश्यले तोकिएको ऐन अनुसार स्थापना गरेको सार्वजनिक वा निजी गुठी बुझ्नु पर्दछ ।

(न) “प्रारम्भिक बालविकास शिक्षा” भन्नाले ४ वर्ष उमेर पुगेका बालबालिकाहरूलाई मनोरञ्जनात्मक विधिबाट शारीरिक,मानसिक,सामाजिक, संवेगात्मक विकासका लागि सामुदायिक र संस्थागत रुपमा दिइने प्रारम्भिक बाल विकास शिक्षा बुझ्नु पर्दछ ।

(प) “पूर्व प्राथमिक विद्यालय” भन्नाले चार वर्ष उमेर पूरा गरेका बालबालिकालाई एक वर्षको पूर्व प्राथमिक शिक्षा दिने विद्यालय सम्झनु पर्दछ ।

(फ) “मातृभाषी शिक्षा” भन्नाले नेपाली भाषा र देवनागरी लिपिमा दिइने शिक्षा बाहेकको नेपालमा बोलिने अन्य भाषा / लिपिमा दिइने शिक्षा बुझ्नु पर्दछ ।

(ब) “अभिभावक” भन्नाले विद्यालयमा अध्ययनरत विद्यार्थीको अभिभावक भनी विद्यालयको अभिलेखमा जनिएको व्यक्ति सम्झनु पर्छ र सो शब्दले विद्यार्थीको बाबु, आमा, बाजे वा बज्यै र त्यस्ता अभिभावक नभएका विद्यार्थीको हकमा त्यस्तो विद्यार्थीलाई संरक्षकत्व प्रदान गर्ने व्यक्तिलाई समेत जनाउँछ ।तर संरक्षकत्व प्रदान गर्ने अभिभावकले वि.व्य.स. गठन प्रयोजनका लागि कुनै पनि अभिभावकको हैसियतबाट पदाधिकारी बन्न पाउने छैन ।

## परिच्छेद –२
## विद्यालय खोल्ने अनुमति वा स्वीकृति, गाभ्ने र खारेजी सम्बन्धी व्यवस्था

### ३. विद्यालय खोल्न अनुमति लिनु पर्ने :

(१) नेपाली नागरिक वा नेपाली नागरिकको समुदायले सामुदायिक विद्यालय वा शैक्षिक गुठी अन्तर्गत संस्थागत विद्यालय खोल्न चाहेमा तोकिएको विवरण खुलाई नगरपालिकामा तोकिएको अधिकारी समक्ष अनुमतिका लागि निवेदन दिनु पर्दछ ।

(२) उपदफा (१) बमोजिम निवेदन परेमा सो निवेदन उपर नगरपालिकाले आवश्यक जाँचबुझ गर्ने, जाँचबुझ गर्दा विद्यालय खोल्न अनुमति दिन मनासिव देखिएमा तोकिएको सर्त बन्देज पालना गर्ने गरी वडा शिक्षा समितिको सिफारिसमा तोकिएको अधिकारीले अनुमति दिनेछ ।

(३) उपदफा (२) बमोजिम अनुमति लिई खोलिएको विद्यालयले तोकिएका सर्त बन्देज पालना गरेको देखिएमा वडा शिक्षा समितिको सिफारिसमा तोकिएको अधिकारीले स्वीकृति प्रदान गर्ने छ ।

(४) यो दफा प्रारम्भ हुँदाका वखत कम्पनीको रुपमा सञ्चालन गरेका विद्यालयहरूले चाहेमा कम्पनी खारेज गरी शैक्षिक गुठी अन्तर्गत विद्यालय सञ्चालन गर्न तोकिएको अधिकारी समक्ष निवेदन दिन सक्नेछन् ।

(५) उपदफा (२),(३) मा जुनसुकै कुरा लेखिएको भएतापनि देहायका विद्यालयहरूलाई शैक्षिक गुठीका रुपमा सञ्चालन गर्न पाउने गरी अनुमति वा स्वीकृति दिइने छैन :

(क) सरकारी वा सार्वजनिक भवनमा सञ्चालन भएका विद्यालय,

(ख) सरकारी वा सार्वजनिक जग्गामा भवन बनाई सञ्चालन गरेका विद्यालय,

(ग) कुनै व्यक्ति वा संस्थाले विद्यालयको नाममा भवन वा जग्गा दान, दातव्य दिएकोमा सो भवनमा वा त्यस्तो जग्गामा भवन बनाई सञ्चालन भएको विद्यालय ।

(६) यस ऐन वा प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भएता पनि शैक्षिक गुठी अन्तर्गत विद्यालय सञ्चालन गर्दा देहाय बमोजिम गर्नु पर्दछ :

(क) शैक्षिक गुठी सञ्चालन गर्ने गुठी सञ्चालक सङ्गठित संस्थाको रुपमा हुनु पर्ने,

(ख) शैक्षिक गुठी सञ्चालन गर्दा सार्वजनिक गुठी भए कम्तिमा सात जना र निजी गुठी भए कम्तिमा पाँचजना सदस्य हुनु पर्ने,

(ग) शैक्षिक गुठीको आयव्ययको लेखा तोकिए बमोजिम खडा गरी मान्यता प्राप्त लेखापरीक्षक फर्मबाट लेखापरीक्षण गराउनु पर्ने ,

(घ) निजी शैक्षिक गुठीको तत्काल कायम रहेका ट्रष्टी सदस्यले आफ्नो जीवनकालमै वा शेषपछि गुठियारको रुपमा कार्य गर्ने आफ्नो उत्तराधिकारी तोक्न सक्नेछन् । तर सार्वजनिक शैक्षिक गुठीको हकमा त्यस्तो उत्तराधिकारी तोक्दा नगरपालिकाको स्वीकृति लिनु पर्नेछ ।

(७) कुनै सामाजिक,परोपकारी कल्याणकारी संस्थाले मुनाफा नलिने उद्देश्यबाट विद्यालय सञ्चालन गर्न चाहेमा तोकिएको अधिकारीबाट स्वीकृति लिई सार्वजनिक शैक्षिक गुठी अन्तर्गत विद्यालय सञ्चालन गर्न सक्नेछ ।

(८) उपदफा (७) बमोजिम सञ्चालित विद्यालयले पालना गर्नु पर्ने सर्त तथा अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(९) माथि उल्लेखित उपदफाहरूमा जुनसुकै कुरा लेखिएको भएतापनि कुनै विदेशी शिक्षण संस्थासँग सम्बन्धन कायम गर्ने गरी कसैलाई पनि विद्यालय खोल्न अनुमति वा स्वीकृति दिइने छैन ।

तर नेपाल सरकारसँग सम्झौता भएको अवस्थामा त्यस्ता विद्यालयलाई अनुमति दिन सकिने छ ।

(१०) उपदफा (७ )र (९) मा उल्लेख भए बमोजिम स्थापित शैक्षिक गुठी अन्तर्गतका विद्यालयलाई नियमानुसार तोकिए बमोजिमका आवश्यक प्रक्रिया पूरा गरी सामुदायीकरण गर्न सकिनेछ ।

(११) विद्यालय सञ्चालन तोकिए बमोजिम हुनेछ ।

(१२) मातृभाषी शिक्षा सञ्चालन गर्न तोकिएका सम्पूर्ण मापदण्ड पूरा गरेका शैक्षिक संस्थालाई नगरपालिकाले आधारभूत र माध्यमिक तह सञ्चालनको अनुमति र स्वीकृति दिन सक्नेछ ।

**४. नगरपालिकाले विद्यालय गाभ्न,सार्न,नाम परिवर्तन गर्न वा बन्द गर्न सक्ने :**

(१) नगरपालिकाले हाल सञ्चालनमा रहेका विद्यालयहरूलाई दुरी,विद्यार्थीसङ्ख्या, गुणस्तरीयता, सञ्चालन क्षमताको आधारमा गाभ्न, एकठाउँबाट अर्को ठाउँमा सार्न वा आवश्यक नभएको पर्याप्त आधार भएमा बन्द गर्न वा आवश्यक क्षेत्रमा खोल्न वा कक्षा थप गरी वा कक्षा वा तह घटाई सञ्चालन गर्न अनुमति वा स्वीकृति दिन वा नाम परिवर्तन गर्न सम्बन्धित वडा शिक्षा समितिको सिफारिसमा नगर शिक्षा समितिले निर्णय गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम गाभिएका वा तह घटाइएका वा बन्द गरिएका विद्यालयको सम्पत्तिको व्यवस्थापन तोकिए बमोजिम हुनेछ ।

**५. अनुमति वा स्वीकृति रद्द गर्ने :**

कुनै संस्थागत विद्यालयले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम विपरित कुनै काम गरेमा नगरपालिकाले त्यस्तो विद्यालयलाई प्रदान गरेको अनुमति वा स्वीकृति रद्द गर्न सक्नेछ । तर त्यसरी अनुमति वा स्वीकृति रद्द गर्नु अघि सम्बन्धित विद्यालयलाई आफ्नो सफाई पेस गर्ने मौका दिइनेछ । यसरी रद्द गर्ने निर्णय उपर चित्त नबुझे न्यायिक समितिमा उजुरी लाग्नेछ ।

**६. शैक्षिक परामर्श सेवा, विदेशी शैक्षिक कार्यक्रम वा शिक्षण कोर्ष सञ्चालन गर्न अनुमति लिनु पर्ने :**

(१) कसैले पनि यस ऐन बमोजिम नगरपालिकाबाट अनुमति नलिई शैक्षिक परामर्श सेवा, ब्रिजकोर्ष, कोचिङ्ग, ट्युसन सेन्टर, भाषा शिक्षण कक्षा, होस्टेल वा पूर्वतयारी कक्षा वा विदेशी मुलुकमा सञ्चालित कुनै शैक्षिक कार्यक्रम सञ्चालन गर्न पाउने छैन ।

(२) उपदफा (१) बमोजिम शैक्षिक कार्यक्रम, शैक्षिक परामर्श, ब्रिजकोर्ष सेवा, कोचिङ्ग,ट्युसन सेन्टर, भाषा शिक्षण कक्षा, होस्टेल वा

पूर्वतयारी कक्षा वा विदेशी मुलुकमा सञ्चालित कुनै शैक्षिक कार्यक्रम सञ्चालन गर्न अनुमति लिने सम्बन्धी व्यवस्था तोकिए वमोजिम हुनेछ ।

**७. विशेष शिक्षा, समावेशी शिक्षा, अनौपचारिक शिक्षा, निरन्तर शिक्षा, दूर शिक्षा तथा खुल्ला शिक्षा सञ्चालन सम्बन्धी व्यवस्था** :
यस नगरपालिकाले आवश्यक पूर्वाधारको व्यवस्था गरी विशेष शिक्षा,समावेशी शिक्षा, अनौपचारिक शिक्षा, निरन्तर शिक्षा, दूर शिक्षा तथा खुल्ला शिक्षा एवम् सामुदायिक सिकाइ केन्द्र सञ्चालनको व्यवस्था गर्न सक्नेछ ।

**८. प्रारम्भिक बालविकास केन्द्र सम्बन्धी व्यवस्था :**
प्रारम्भिक बालविकास केन्द्रको सञ्चालन तथा व्यवस्थापन सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**९. सामुदायिक सिकाइ केन्द्र सञ्चालन गर्न सक्ने :**
नगरपालिकाले समुदायमा साक्षरता,सिप विकास र निरन्तर शिक्षा सिकाइ समेतको काम गर्न तोकिए बमोजिम सामुदायिक सिकाइ केन्द्र सञ्चालन गर्न सक्नेछ ।

परिच्छेद –३

## शिक्षाको प्रकार,माध्यम, पाठ्यक्रम र परीक्षा सञ्चालन सम्बन्धी व्यवस्था

**१०. माध्यमिक शिक्षाको प्रकार :** माध्यमिक शिक्षा देहायका प्रकारका हुनेछन् :

(क) साधारण माध्यमिक शिक्षा
(ख) संस्कृत माध्यमिक शिक्षा
(ग) प्राविधिक तथा व्यावसायिक माध्यमिक शिक्षा
(घ) मातृभाषी माध्यमिक शिक्षा ।

**११. शिक्षाको माध्यम :**

(१) विद्यालयमा शिक्षाको माध्यम नेपाली, अङ्ग्रेजी वा दुबै भाषा हुन सक्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि देहायको अवस्थामा विद्यालयमा शिक्षाको माध्यम देहाय बमोजिम हुन सक्नेछ :

(क) आधारभूत तथा माध्यमिक शिक्षा मातृभाषामा समेत दिन सकिनेछ :

(ख) गैह्र नेपाली नागरिकले नेपालका विद्यालयमा अध्ययन गर्दा अनिवार्य नेपाली विषय र अन्य कुनै भाषा समेत अध्ययन गर्न सक्नेछ ,

(ग) भाषा विषयमा अध्ययन गराउँदा शिक्षाको माध्यम सोही भाषा हुनेछ ।

**१२. विद्यालयको वर्गीकरण :**

नगरपालिका अन्तर्गतका विद्यालयहरूलाई आधारभूत शिक्षालाई पहिलो र दोस्रो तथा माध्यमिक शिक्षालाई पहिलो र दोस्रो गरी दुई प्रकारमा वर्गीकरण गरिनेछ । जस अनुसार,

१. आधारभूत तह

क) बालकक्षा देखि कक्षा ५ सम्म अधारभूत पहिलो

ख) बालकक्षादेखि कक्षा ८ सम्म आधारभूत दोस्रो

२. माध्यमिक तह

ग) बालकक्षादेखि कक्षा १० सम्म माध्यमिक पहिलो

घ) बालकक्षादेखि कक्षा १२ सम्म माध्यमिक दोस्रो ।

**१३. विद्यालयको पाठ्यक्रम तथा पाठ्यपुस्तक :**

(१) विद्यालयले नेपाल सरकारले तोकेको न्युनतम मापदण्ड पूरा गरी आवश्यक सिकाइउपलब्धि हासिल हुनेगरी अध्ययन अध्यापन गराउनु पर्नेछ । विद्यालयले नेपाल सरकारले तोकेको मापदण्डभित्र रही स्थानयिय पाठ्यक्रम र पाठ्यपुस्तक लागू गर्न सक्नेछ । सो प्रयोजनका लागि नगरपालिकाले स्थानीय पाठ्यक्रम विकास केन्द्र गठन गरी विज्ञहरूको समूह बनाई पाठ्यक्रम निर्माण र विकास गर्न सक्नेछ ।

(२) नगर शिक्षा समितिले स्थानीय पाठ्यक्रम विकास केन्द्र गठन गरी सो केन्द्र मार्फत स्थानीय पाठ्यक्रम तथा पाठ्यपुस्तक विकास गरी लागू गर्न सक्ने छ ।

( ३) नगरपालिकाले स्थानीय पाठ्यक्रम विकास केन्द्रको गठन गरी स्थानीय पाठ्यक्रम,पाठ्यपुस्तक तथा अन्य सन्दर्भ सामग्रीहरु पाठ्यक्रम विकास केन्द्रले तयगरेको कार्यविधि समेतका आधारमा आवश्यकता अनुसार विकास गरी लागु गर्न सक्नेछ ।

**१४. परीक्षा सञ्चालन :**

परीक्षा सञ्चालन, अनुगमन, नियमन, नतिजा प्रकाशन तथा अभिलेख व्यवस्थापन तोकिए बमोजिम हुनेछ । तर आधारभूत तहको अन्तिम परीक्षा (कक्षा ८) नगरपालिकाले सञ्चालन गर्नेछ । परीक्षा कार्यलाई व्यवस्थित गर्न नगरपालिकाले कार्यविधि तयार पारी लागु गर्न सक्नेछ ।

परिच्छेद – ४

## नगर शिक्षा तथा वडा शिक्षा समिति,शिक्षक छनोट समिति,नगर शिक्षा अनुगमन समिति र नगर शिक्षा प्रमुख सम्बन्धी व्यवस्था

**१५. नगर शिक्षा समिति :**

(१) नगर शिक्षा समितिमा निम्नानुसारका पदाधिकारी रहने छन् । तथापि नगर शिक्षा समितिले पदाधिकारीहरू थप्न सक्नेछ :

(क) नगर प्रमुख वा निजले तोकेको व्यक्ति एकजना – अध्यक्ष

(ख) नगर कार्यपालिकाका सदस्य मध्ये कम्तिमा एक महिला र एक दलित पर्ने गरी २ जना सदस्यहरू – सदस्य

(ग) नगर क्षेत्र भित्रका शिक्षाविद्हरू मध्येबाट नगर शिक्षा समितिले तोकेको १ जना – सदस्य

(घ) सामुदायिक विद्यालयको प्रधानाध्यापकहरूमध्येबाट समितिले मनोनित गरेको १ जना – सदस्य

(ङ) सामुदायिक विद्यालयमा कार्यरत आधिकारिक संघ संगठनका अध्यक्ष वा संयोजकहरूमध्येबाट १/१ जना सदस्य

(च) नगर शिक्षक महासंघको प्रतिनिधिबाट एकजना महिला पर्ने गरी २ जना सदस्य

(छ) नगरपालिकाभित्र रहेको आधिकारिक अभिभावक संघको अध्यक्ष १ जना –सदस्य

(ज) नगरपालिका क्षेत्रभित्र सञ्चालित सामुदायिक माध्यमिक विद्यालयहरूमध्येबाट आधारभूतको समेत प्रतिनिधित्व हुने गरी कम्तिमा दश वर्ष स्थायी सेवा गरेका १ जना महिला पर्ने गरी २ जना–सदस्य

(झ) नगरपालिका क्षेत्रभित्र रहेका सामुदायिक विद्यालयका व्यवस्थापन समितिका अध्यक्षमध्येबाट १ जना –सदस्य

(ञ) नगर क्षेत्रभित्र सञ्चालित सार्वजनिक गुठी वा धार्मिक विद्यालय( गुम्बा,मदरसा, गुरुकुल ) का विद्यालय व्यवस्थापन तथा सञ्चालक समितिका अध्यक्ष मध्येबाट १ जना –सदस्य

(ट) प्रमुख प्रशासकीय अधिकृत – सदस्य

(ठ) नगर शिक्षा,युवा तथा खेलकुद शाखा प्रमुख– सदस्य सचिव

(ढ) आमन्त्रित (शिक्षाविद्हरूमध्येबाट) ३ जना मनोनित गरिने ।

(२) समितिका पदेन सदस्य बाहेक मनोनित सदस्यहरूको पदावधि तीन वर्षको हुनेछ ।

(३) उपदफा (१) अन्तर्गतका मनोनित तथा अन्य सदस्यहरूले आफ्नो पदीय आचरण पालन नगरेको अवस्थामा जुनसुकै समयमा पनि हटाउन वा बर्खास्त गर्न सकिनेछ ।

तर त्यसरी हटाउँदा वा बर्खास्त गर्नु पहिले मनासिब माफिकको सफाइ दिने अवसर प्रदान गरिनेछ । यसरी हटाए उपर चित्त नबुझेमा न्यायिक समितिमा उजुरी लाग्नेछ ।

(४) नगर शिक्षा समितिको काम,कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :

(क) नगरपालिका क्षेत्रभित्रको शैक्षिक योजना तयार गर्ने,

(ख) नगरपालिका क्षेत्रभित्र विद्यालय सञ्चालनका लागि अनुमति,स्वीकृति, विद्यालय सार्ने,गाभ्ने सम्बन्धी विषयमा नगरपालिकालाई सिफारिस गर्ने,

(ग) विद्यालयहरूका लागि आवश्यक आर्थिक अनुदान तथा स्रोतको खोजी गर्ने,

(घ) नगरपालिका क्षेत्रभित्र सञ्चालन हुने परीक्षाहरूलाई मर्यादित, व्यवस्थित र भयरहित बनाउने र सम्पूर्ण नगरक्षेत्रभित्र एउटै समिति बनाई सोही समितिबाट परीक्षा र नतिजाका कार्यहरूमा एकरुपता ल्याउने,

(ङ) नगरपालिका क्षेत्रभित्र स्थापना भएका निजी स्रोतमा सञ्चालित सामुदायिक विद्यालयहरूको शिक्षक दरबन्दी, सेवा, सुविधा र सर्तहरू स्वीकृत गर्ने,

(च) व्यवसायिक शिक्षा तथा सिपमूलक शिक्षाको कार्यान्वयन गर्ने गराउने तथा व्यवसायिक,सिपमूलक प्राविधिक शिक्षा विद्यालयको आवश्यकता, उपलब्ध साधन स्रोत एवम् परिस्थिति अनुसार तोकिएको कक्षाबाट सञ्चालन गराउने,

(छ) विद्यालय व्यवस्थापन समितिलाई निर्देशन दिने, जागरुक र सचेत गराउने,

(ज) विद्यालयका लागि आवश्यक साधनस्रोत जुटाउने र परिचालन गर्ने,

(झ) विद्यालयहरूसँग सम्बन्धित विषयहरूको सम्बोधन गर्ने,

(ञ) शिक्षाको गुणस्तर कायम राख्न सूचक निर्धारण गर्ने र प्रगति मूल्याङ्कनको लेखाजोखा गर्ने,

(ट) विद्यालयको सामाजिक परीक्षण गर्न लागाउने,

(ठ) शैक्षिक गुठीसँग सम्झौताका सर्तहरू निर्धारण गर्ने,

(ड) विद्यालयहरूमा शिक्षाको गुणस्तर उकास्ने उद्देश्यले विद्यालयहरूको स्थलगत निरीक्षण,अध्ययन,अनुगमन एवम् सुपरीवेक्षण गर्ने,

(ढ) शैक्षिक संस्था र शिक्षासँग आवद्ध शिक्षक कर्मचारीहरूलाई कामका आधारमा आवश्यक प्रोत्साहन, नसिहत र दण्ड गर्ने गराउने,

(ण) नगर शिक्षा समितिले नगरपालिका क्षेत्रभित्र रहेका विद्यालयहरूमा स्वीकृत दरबन्दी वा अनुदानकोटा (राहत कोटा) र बालविकास केन्द्रका सहयोगी कार्यकर्तालाई करारमा शिक्षक/सहयोगी कार्यकर्ता राख्नु पर्ने भएमा शिक्षक छनोट समिति गठन गरी सो समितिले परीक्षा लिई योग्यताक्रम अनुसार करार सूची प्रकाशन गर्ने,

(त) रिक्त रहेको स्वीकृत दरबन्दी वा अनुदानकोटा (राहतकोटा) मा सम्बन्धित विद्यालयले योग्यताक्रम अनुसार करार सूची अनुसार नियुक्ति गर्नु पर्नेछ,

(थ) शिक्षक छनोट समितिको कार्यविधि नगर कार्यपालिकाले निर्माण गरी लागू गर्नेछ,

(द) शिक्षक छनोट गर्ने कार्यका लागि विशेषज्ञको सूची प्रकाशन गर्ने,

(ध) नगर शिक्षा समितिले तोकिए बमोजिम विज्ञहरू रहेको योजना निर्माण कार्यदल गठन गर्न सक्नेछ ,

(न) नगरपालिका क्षेत्रभित्र आवश्यकता र औचित्यताका आधारमा तहगत र विषयगत दरबन्दी मिलान गर्ने र आन्तरिक सरुवा गर्ने,

(प) तोकिए बमोजिमका अन्य कार्यहरू गर्ने ।

## १६. वडा शिक्षा समिति :

(१) नगरपालिकाका प्रत्येक वडामा देहाय बमोजिमका ७जना सदस्य रहेको वडा शिक्षा समिति गठन हुनेछ :

(क) सम्बन्धित वडाका वडा अध्यक्ष वा निजले तोकेको लब्धप्रतिष्ठित व्यक्ति –अध्यक्ष

(ख)वडा समितिका सदस्यहरूमध्येबाट वडा समितिको बैठकले तोकेको १ जना –सदस्य

(ग) वडाभित्र रहेका विद्यालयका प्रधानाध्यापक वा शिक्षकमध्येबाट वडा अध्यक्षले तोकेको १ जना –सदस्य

(घ) वडाभित्र रहेका विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरूमध्येबाट वडा शिक्षा समितिले तोकेको १ जना – सदस्य

(ङ) सम्बन्धित वडाभित्रका शिक्षाप्रेमीहरू मध्येबाट वडा शिक्षा समितिले तोकेको १ जना महिला सहित २ जना –सदस्य

(च) सम्बन्धित वडामा कार्यरत वडा सचिव –सदस्य सचिव

(२) समितिका पदेन सदस्य बाहेक मनोनित सदस्यहरुको पदावधि तीन वर्षको हुनेछ ।

(३) वडा शिक्षा समितिको काम, कर्तव्य र अधिकार

वडा शिक्षा समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) आफ्नो वडा भित्र सञ्चालनमा रहेका विद्यालयहरुको तथ्याङ्क अध्यावधिक गर्ने र गर्न लगाउने ,

(ख)आफ्नो वडाभित्रका विद्यालयहरुको EMIS लाई अध्यावधिक गर्ने र गराउने,

(ग) वडाभित्र सञ्चालित विद्यालयहरुको भौतिक,शैक्षिक अवस्था सुधारका योजना तयार पार्ने र नगर शिक्षा समिति समक्ष पेश गर्ने,

(घ) शिक्षक, विद्यार्थी सङ्ख्या, भौतिक पूर्वाधार जस्ता पक्षहरुको आधारमा विद्यालयहरुलाई कक्षा वा तह बढाउने, कक्षा वा तह घटाउने, विद्यालय गाभ्ने,ठाउँसारी गर्ने तथा विद्यालयको नाम परिवर्तन गर्ने

सम्बन्धी कार्यका लागि विद्यालय व्यवस्थापन समितिको समन्वय समेतका आधारमा अनुगमन अध्ययन गरी नगर शिक्षा समितिलाई आवश्यक एवम् तोकिएका आधारहरु सहित सिफारिस गर्ने,

(ङ) नगर शिक्षा समितिले तोकेको मापदण्डका आधारमा विषयगत शिक्षक एवम् विद्यालयलाई प्रोत्साहित तथा पुरस्कृत गर्न नगर शिक्षा समितिलाई सिफारिस गर्ने ,

(च) वडाभित्रका विद्यालयहरुको दैनिक पठनपाठनको अवस्था अनुगमन गर्ने र आवश्यक सुझाब विद्यालय प्रशासनलाई दिने तथा सोको विवरण नगर शिक्षा समिति समक्ष पेस गर्ने,

(छ) विद्यालय वरिपरि तथा विद्यालय परिसरमा शिक्षणसिकाइको वातावरण कायम गर्न आवश्यक व्यवस्था तथा सुरक्षात्मक उपायहरुको कार्यान्वयनमा विद्यालय परिवार, अभिभावक एवम् विद्यार्थीहरुसंग छलफल गरी कार्य योजना बनाउने र सो अनुरुप कार्य सञ्चालन गर्ने र गर्न लगाउने ।

(ज) शिक्षणसिकाइको सन्दर्भमा शिक्षकहरुलाई थप सिप विकासका लागि नगर शिक्षा समिति समक्ष राय सुझाब पेस गर्ने ।

(झ) विद्यालयहरुलाई प्राप्त भएका ससर्त तथा अन्य अनुदान रकमहरु तोकिएको शीर्षकमा विधिवत खर्च भए नभएको अवलोकन गरी सदुपयोग भए नभएको सम्बन्धमा अध्ययन गरी सोको विवरण नगर शिक्षा समिति समक्ष पेश गर्ने । साथै विद्यालयहरुको सामाजिक परीक्षणका लागि आवश्यक सहयोग गर्ने ।

**१७. शिक्षक छनोट समिति :**

(क) शिक्षक छनौट कार्यको लागि देहाय बमोजिमको एक शिक्षक छनौट समिति हुनेछ :

१. सम्बन्धित विद्यालयका वि.व्य.स. अध्यक्ष – अध्यक्ष

२. सम्बन्धित वडाका वडा अध्यक्ष– सदस्य

३. नगरपालिकाले खटाएको १ जना प्रतिनिधि – सदस्य

४. सम्बन्धित पालिकाको शिक्षा,युवा तथा खेलकुद शाखाका अधिकृत स्तरको कर्मचारी – सदस्य

५. सम्बन्धित विद्यालयका प्रधानाध्यापक – सदस्य सचिव

(ख) परीक्षा सञ्चालनार्थ प्रश्नपत्र छनौट,उ.पु. परीक्षण गरी नाम सिफारिस गर्न नगर शिक्षा समितिले तयार गरेको रोष्टर शिक्षकहरुमध्ये बढीमा २ जना विषय विशेषज्ञ (नाम नखोली ) शिक्षक छनौट समितिले माग गर्नुपर्ने छ ।

(ग) शिक्षक छनौट समितिबाट माग भईआएको विषय विशेषज्ञ परीक्षा शुरु हुनुभन्दा २ घण्टा अगावै उपलब्ध गराउनु पर्ने छ ।

## १८. शिक्षा अनुगमन समितिः

(१) विद्यालय शिक्षाको समग्र पक्षको अनुगमन गर्न देहाय बमोजिमको शिक्षा अनुगमन समिति गठन हुनेछ :

(क) नगर शिक्षा समितिको सदस्य – संयोजक

(ख) सम्बन्धित वडाका वडा अध्यक्ष– सदस्य

(ग) संस्थगत विद्यालयको हकमा नगरपालिकाले तोकेको निजी तथा संस्थागत विद्यालयबाट १ जना प्रतिनिधि– सदस्य

(घ) नगर सभासदस्य मध्येबाट नगर कार्यपालिकाले तोकेको एक जना महिला –सदस्य

(ङ) नगर शिक्षा,युवा तथा खेलकुद शाखा प्रमुख – सदस्य सचिव

(२) अनुगमन समितिले गरेको अनुगमनको प्रतिवेदन नगर शिक्षा समिति समक्ष वार्षिक रुपमा बुझाउनु पर्नेछ । यस समितिको थप काम, कर्तब्य र अधिकारहरू तोकिए बमोजिम हुनेछ ।

## १९. नगर शिक्षा,युवा तथा खेलकुद शाखा :

(१) नगरपालिकामा शिक्षा क्षेत्रको सम्पूर्ण कार्य नगर शिक्षा,युवा तथा खेलकुद शाखा मार्फत हुनेछ । उक्त शाखामा शिक्षा सेवा तर्फको सबैभन्दा बरिष्ठ कर्मचारी शाखा प्रमुखको रुपमा रहनेछ ।

(२) नगर शिक्षा शाखा प्रमुखको काम,कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) शिक्षा सम्बन्धी स्थानीय योजना नगरपालिका नगरसभाबाट पारित गराई कार्यान्वयन गर्ने गराउने,

(ख) नगरभित्रका विद्यालयहरूमा स्थानीय तहको शैक्षिक कार्यक्रम कार्यान्वयन गर्ने गराउने,

(ग) विद्यालय जाने र विद्यालय बाहिर रहेका बालबालिकाको खण्डीकृत शैक्षिक तथ्याङ्क अध्यावधिक गरी केन्द्रमा नियमित रुपमा पठाउने,

(घ) विद्यालय सञ्चालन तथा शैक्षिक कार्यक्रम कार्यान्वयनका लागि स्रोतको बाँडफाँड गर्ने गराउने,

(ङ) नगर शिक्षा समितिको मातहतमा रही माध्यमिक तहसम्मको शैक्षिक कार्यक्रमको समन्वय र नियमन गर्ने,

(च) नगर शिक्षा समितिको निर्णय बमोजिम सेवा क्षेत्रभित्रका विद्यालय नक्साङ्कन गरी सोको आधारमा विद्यालय खोल्न अनुमति प्रदान गर्ने, कक्षा थप गर्ने, विद्यालय सार्ने, दुई वा दुई भन्दा बढी विद्यालय एक आपसमा गाभ्ने, विद्यालयको नाम परिवर्तन गर्ने,

(छ) सामुदायिक विद्यालयका शिक्षक तथा कर्मचारी व्यवस्थापन गर्ने, सामुदायिक विद्यालयमा कार्यरत शिक्षक तथा विद्यालय कर्मचारीको पदस्थापन, सरुवा सम्बन्धी कार्य गर्ने, स्वीकृत दरबन्दी अनुसार तलब भत्ता निकासा गर्ने ,

(ज) विद्यालयमा कार्यरत शिक्षक तथा कर्मचारीहरूको विदाको अभिलेख अध्यावधिक गर्ने,विद्यालयले स्वीकृत गर्ने बाहेकका अन्य बिदाहरू स्वीकृत गर्ने,

(झ) वार्षिक रुपमा विद्यार्थी सङ्ख्याको अनुपातमा शिक्षक कर्मचारी दरबन्दी मिलान गर्ने, विद्यलायहरूमा न्यूनतम शिक्षक दरबन्दी उपलब्ध गराउने व्यवस्था गर्ने ,

(ञ) विद्यालयहरूको समूह विभाजन गरी नगर शिक्षा,युवा तथा खेलकुद शाखाले विद्यालयको निरीक्षण, शिक्षकको तालिम तथा अन्य शैक्षिक क्रियाकलाप सञ्चालन गर्ने गराउने,

(ट) विद्यालयको गुणस्तर बढाउन प्रधानाध्यापक, शिक्षक, विद्यालय व्यवस्थापन समिति, अभिभावक तथा अन्य सरोकारवालाहरूको नियमित रुपमा बैठक, गोष्ठी वा तालिमको व्यवस्था गर्ने,

(ठ) आधारभूत तहको परीक्षा व्यवस्थापन गर्ने, विद्यार्थी सिकाइउपलब्धि परीक्षण गर्ने र व्यवस्थापन गर्ने, विद्यार्थी प्रोत्साहन तथा छात्रवृत्ति व्यवस्थापन गर्ने,

(ड) सामुदायिक विद्यालयका शिक्षकहरूलाई आफ्नो विषयप्रति जिम्मेवार र जवाफदेही बनाउने तथा शिक्षकहरुले गरेको शिक्षणसिकाइसम्बन्धी कार्यसम्पादन करारका आधारमा कार्यान्वयन गरेनगरेको अनुगमन,पृष्ठपोषण तथा आवश्यक निर्देशन प्रदान गर्ने ।

(ढ) नगरपालिका क्षेत्रभित्रका विद्यालय तथा शिक्षकहरुमध्ये शिक्षणसिकाइ सुधार योजनाको प्रभावकारी कार्यान्वयन तथा तोकिएको मापदण्ड पूरा गरेको आधारमा प्रत्येक वर्ष  प्रोत्साहन र पुरस्कृत गर्ने व्यवस्था मिलाउने ।

(ण) तोकिएको फाराम तथा मापदण्डका आधारमा विद्यालयहरुको कार्यसम्पादन मूल्याङ्कन गरी आवश्यक अनुदानको व्यवस्था गर्ने ।

## परिच्छेद –५
## विद्यालय व्यवस्थापन समिति सम्बन्धी व्यवस्था

### २०. विद्यालय व्यवस्थापन समिति तोकिए बमोजिम हुने :

(१) सामुदायिक विद्यालयको सञ्चालन, व्यवस्थापन र रेखदेख गर्नका लागि प्रत्येक विद्यालयमा देहाय बमोजिमका सदस्यहरू रहेको ९ सदस्यीय एक विद्यालय व्यवस्थापन समिति रहनेछ :

(क) सम्बन्धित वडा अध्यक्षको संयोजकत्वमा शिक्षा,युवा तथा खेलकुद शाखाको प्रतिनिधि र प्र.अ. को उपस्थितिमा अभिभावक भेला बोलाउने र सो भेलाले उपदफा १ को खण्ड (ख) बमोजिमका सदस्यहरु छनौट गर्ने ।

(ख) अभिभावक भेलाबाट अभिभावक मध्ये एक महिला सहित ३ जना – सदस्य

(ग) सम्बन्धित वडाको वडा अध्यक्ष वा निजले तोकेको वडा सदस्य– सदस्य

(घ) नगर प्रमुखले तोकेको लब्ध प्रतिष्ठित व्यक्ति– सदस्य

(ङ) विद्यालय व्यवस्थापन समितिबाट मनोनित संस्थापक तथा चन्दादाता, शिक्षाप्रेमी मध्ये १ जना महिला पर्ने गरी २ जना –सदस्य

(च) शिक्षकहरूले आफूहरूमध्येबाट छानी पठाएको एक जना शिक्षक ( सम्भव भएसम्म महिला ) – सदस्य

(छ) विद्यालयका प्रधानाध्यापक – सदस्य सचिव

(२) प्राविधिक तथा व्यावसायिक विषयमा अध्ययन वा तालिम गराइने माध्यमिक विद्यालयको विद्यालय व्यवस्थापन समितिमा नगरपालिका क्षेत्रभित्रका सम्बन्धित विषयमा दक्ष, व्यावसायमा आवद्ध तथा शिक्षाविद मध्ये नगर प्रमुखले मनोनित गरेका एक जना सदस्य रहनेछन् ।

(३) उपदफा (१) को खण्ड (ख) र (ङ) का सदस्यहरूमध्ये उपदफा (६) अनुसार योग्यता पुगेका एक जनालाई नगर शिक्षा समितिबाट अध्यक्ष तोक्नेछ ।

(४) विद्यालय व्यवस्थापन समितिको अध्यक्ष छनोट नभएसम्मका लागि वा अध्यक्षको अनुपस्थितिमा सो समितिका ज्येष्ठ सदस्यहरूमध्येबाट समितिले छानेको सदस्यले बैठकको अध्यक्षता गर्ने छन् ।

(५) विशेष शिक्षा सञ्चालन गर्ने विद्यालयको व्यवस्थापन समितिमा कम्तिमा पचास प्रतिशत सदस्यहरू अपाङ्ता भएका व्यक्तिको अभिभावकहरू सदस्य रहनेछन् ।

(६) आधारभूत तहसम्मको वि.व्य.स. अध्यक्षको न्युनतम योग्यता एस.एल.सी/एस.इ.इ. तथा १०–१२ सम्मको माध्यमिक विद्यालयका अध्यक्षको न्युनतम योग्यता १२ कक्षा उत्तीर्ण हुनु पर्ने छ ।

(७) स्थानीय बालक्लबका छात्र तथा छात्रा गरी २ जनालाई प्रतिनिधिका रुपमा विद्यालय व्यवस्थापन समितिको बैठकमा आमन्त्रण गर्नु पर्नेछ र उनीहरुको सक्रीय सहभागितालाई महत्व प्रदान गर्नु पर्नेछ ।

(८) व्यवस्थापन समितिको म्याद सकिनु भन्दा एक महिना अगावै नयाँ व्यवस्थापन समितिको गठन गरी बहालवाला व्यवस्थापन समितिले आफ्नो कार्यकाल भित्रै नयाँ गठन भएको व्यवस्थापन समितिलाई पदभार हस्तान्तरण गर्नु पर्दछ । यसो हुन नसकेमा वा व्यवस्थापन समिति गठन विवादित भएमा नगर शिक्षा समितिले तदर्थ व्यवस्थापन समिति बनाई विद्यालय सञ्चालनको व्यवस्था मिलाउनेछ ।

(९) विद्यालय व्यवस्थापन समितिको पदावधि गठन भएको मितिले तीनवर्ष हुनेछ ।

(१०) व्यवस्थापन समिति सञ्चालन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(११) संस्थागत विद्यालयको सञ्चालन, व्यवस्थापन र रेखदेख गर्नका लागि प्रत्येक विद्यालयमा देहाय बमोजिमका सदस्यहरू रहेको एक विद्यालय व्यवस्थापन समिति रहनेछ :

(क) विद्यालयको संस्थापक वा लगानीकर्ताहरू मध्येबाट सम्बन्धित विद्यालयको सिफारिसमा नगर शिक्षा समितिबाट मनोनित भएका व्यक्ति–अध्यक्ष

(ख) अभिभावकहरू मध्येबाट विद्यालय व्यवस्थापन समितिले मनोनित गरेको १ जना महिला सहित ३ जना – सदस्य

(ग) स्थानीय शिक्षाप्रेमी वा समाजसेवीहरू मध्येबाट वि.व्य.स. ले मनोनित गरेको १ जना – सदस्य

(घ) सम्बन्धित विद्यालयका शिक्षकहरूमध्येबाट छानी पठाएका १ जना शिक्षक – सदस्य

(ङ) विद्यालय रहेको सम्बन्धित वडाको वडा सदस्यहरूमध्येबाट वडा शिक्षा समितिले मनोनयन गरेको एकजना – सदस्य

(च) सम्बन्धित स्थानीय तहको शिक्षा अधिकृत – सदस्य

(छ) विद्यालयका प्रिन्सिपल वा प्रधानाध्यापक – सदस्य सचिव

(१२) उपदफा (१),(२) र (३) बमोजिम छानिएका वा मनोनित अध्यक्ष वा सदस्यको पदावधि ३ वर्षको हुनेछ । त्यस्ता अध्यक्ष वा सदस्यले आफ्नो पद अनुसारको आचरण पालना नगरेको देखिएमा नगर शिक्षा समितिले निजलाई जुनसुकै बखत पनि पदबाट हटाउन सक्नेछ । तर त्यसरी पदबाट हटाउनु अघि वा समिति विघटन गर्नु अघि आफ्नो सफाई पेस गर्ने मौकाबाट वञ्चित गरिने छैन । नगर शिक्षा समितिले गरेको कारवाही उपर न्यायिक समितिमा उजुर लाग्नेछ ।

(१३) यो ऐन लागू भएपछि सबै नगरपालिका भित्रका सबै विद्यालय व्यवस्थापन समितिहरू स्वतः भङ्ग हुनेछन् र सो को ३० दिन भित्र माथि लेखिए बमोजिम अर्को समिति गठन गर्नु पर्नेछ ।

(१४) सामुदायिक विद्यालयको विद्यालय व्यवस्थापन समितिको काम,कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :

(क) विद्यालय सञ्चालनको लागि प्राप्त साधन र स्रोतको परिचालन गर्ने,

(ख) विद्यालयको चल,अचल सम्पत्तिको लगत राख्ने, राख्न लगाउने र सुरक्षा गर्ने,

(ग) विद्यालयको शैक्षिक, भौतिक तथा आर्थिक तथ्याङ्क र विवरण अद्यावधिक गर्न,

(घ) विद्यालयको वार्षिक बजेट स्वीकृत गर्ने त्यसको जानकारी नगरपालिकालाई दिने,

(ङ) विद्यालयमा स्वच्छ शैक्षिक वातावरण कायम राख्न राजनैतिक,धार्मिक वा साम्प्रदायिक भावनाको आधारमा विद्यालयको वातावरण विगार्न नदिने,

(च) विद्यालय व्यवस्थापन समितिको सचिवालय व्यवस्थित गर्ने,

(छ) शिक्षक सेवा आयोगले लिएको परीक्षामा सफल भई सिफारिस भएको शिक्षकलाई विद्यालयमा हाजिरी गराउने,

(ज) नगरपालिकाबाट स्वीकृत दरवन्दीका कर्मचारीको व्यवस्थापन गर्ने,

(झ) शिक्षक सेवा आयोगको करार सूचीमा रहेका उम्मेदवारलाई योग्यताक्रमको आधारमा करारमा नियुक्ति दिई काममा लगाउने,

(ञ) शिक्षक सेवा आयोगको करार सूचीमा रहेका उम्मेदवार नआएमा नगरपालिकाले लिएको शिक्षक छनोट परीक्षाबाट प्रकाशित करार सूचीको योग्यताक्रमको आधारमा करारमा नियुक्ति दिई काममा लगाउने,

(ट) नगरपालिकामा रजिष्टर्ड लेखापरीक्षकबाट विद्यालयको वार्षिक लेखापरीक्षण गराई लेखा परीक्षकले औंल्याएका प्रतिवेदन उपर आवश्यक कार्वाही गरी सोको प्रतिवेदन नगर शिक्षा समितिमा पेस गर्ने,

(ठ) तोकिए बमोजिमका क्षेत्रसँग सम्बन्धित नगरपालिका र नगर शिक्षा समितिले दिएका निर्देशनहरूको पालना गर्ने,

(ड) विद्यालयको आन्तरिक स्रोतबाट खर्च व्यहोर्ने गरी नियुक्त वा बढुवा गरेका शिक्षकका लागि सेवा, सर्त र सुविधा तोक्ने र तोकिए बमोजिमको पारिश्रमिक तथा सुविधाहरूको व्यवस्था गर्ने ,

(ढ) शिक्षक तथा कर्मचारीहरूलाई तोकिएबमोजिमका कार्य सम्पादनका आधारमा कार्यवाही वा नसिहत वा प्रोत्साहनको व्यवस्था गर्ने ।

(ण) विद्यालय व्यवस्थापन समितिको अध्यक्षतामा अभिभावक भेलाबाट विद्यालय व्यवस्थापन समिति अध्यक्ष र प्र.अ. सदस्य रहने गरी बढीमा ९ सदस्यीय शिक्षक अभिभावक संघ गठन गर्ने ।

१५. शिक्षक-अभिभावक संघ सम्बन्धी व्यवस्था :(क) सामुदायिक विद्यालयका सम्पूर्ण शिक्षक तथा अभिभावकहरू सदस्य रहेको एक शिक्षक-अभिभावक संघ रहनेछ ।

(ख) व्यवस्थापन समितिले अभिभावकहरूको भेला गराइ सो समितिको अध्यक्ष,प्रधानाध्यापक तथा कम्तीमा एक जना शिक्षक र अभिभावकहरू समेत रहने गरी बढीमा एघार सदस्यीय शिक्षक-अभिभावक संघको कार्यकारी समिति गठन गर्नु पर्नेछ ।

(ग) उपनियम (ख) बमोजिम गठित कार्यकारी समितिका सदस्यको पदावधि दुई वर्षको हुनेछ ।

(घ) उपनियम (ख) बमोजिमको कार्यकारी समितिको बैठक तीन महिनामा कम्तीमा एकपटक बस्नेछ र सो समितिको बैठक सम्बन्धी अन्य कार्यविधि कार्यकारी समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

(ङ) संस्थागत विद्यालयको व्यवस्थापन समितिले यस नियम बमोजिम शिक्षक-अभिभावक संघको कार्यकारी समिति गठन गर्दा सात सदस्यमा नघटाई गर्नु पर्नेछ ।

(१६) संस्थागत विद्यालय व्यवस्थापन समितिको काम,कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) विद्यालय सञ्चालनका लागि प्राप्त साधन र स्रोतको परिचालन गर्ने,

(ख) विद्यालयको चल,अचल सम्पत्तिको लगत राख्ने, राख्न लगाउने र सुरक्षा गर्ने,

(ग) विद्यालयको शैक्षिक, भौतिक तथा आर्थिक तथ्याङ्क र विवरण अद्यावधिक गर्ने,

(घ) विद्यालयमा स्वच्छ शैक्षिक वातावरण कायम राख्ने,

(ङ) नेपाल सरकार र नगरपालिकाले तोके बमोजिमको पाठ्यक्रम तथा पाठ्यपुस्तक अनिवार्य रुपमा लागू गर्ने,

(च) प्रचलित कानुन बमोजिम शिक्षक पदका लागि उम्मेदवार हुने योग्यता पुगेका व्यक्तिलाई शिक्षक छनोट समितिको अनुमति लिई शिक्षक पदमा नियुक्ति गर्ने,

(छ) नगरपालिकाले तोके बमोजिमको न्यूनतम स्केल नघटाई शिक्षकलाई तलब खुवाउने,

(ज) अनुशासनहीन शिक्षक तथा कर्मचारीहरूलाई कारवाही गर्ने,

(झ) शिक्षा ऐन, नियमावली तथा अन्य प्रचलित कानुनमा उल्लेखित व्यवस्थाका अतिरिक्त नगरपालिकाबाट जारी शिक्षासँग सम्बन्धित सबै ऐन,नीति नियम, कार्यविधि, निर्देशिका र निर्देशनहरूको पालना गर्ने गराउने,

(ञ) विद्यालय व्यवस्थापन समितिले आवधिक रुपमा आफ्नो शैक्षिक,आर्थिक लगायत अतिरिक्त क्रियाकलाप समेतको प्रतिवेदन वडा शिक्षा समिति मार्फत् नगर शिक्षा समितिमा पेस गर्नु पर्दछ ,

(ट) विद्यालयले सङ्कलन गर्ने सबै प्रकारका शिक्षण शुल्क,कर्मचारी तथा शिक्षकहरूलाई उपलब्ध गराउने पारिश्रमिक, विद्यार्थीहरूलाई उपलब्ध गराउने छात्रवृत्ति लगायतका विषयमा नगर शिक्षा समिति तथा नगर शिक्षा,युवा तथा खेलकुद शाखाले दिएको आवश्यक निर्देशन पालना गर्ने गर्न लगाउने,

(१७) शैक्षिक गुठी अन्तर्गत सञ्चालन भएका विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापन सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(१८) विद्यलाय व्यवस्थापन समितिका अन्य काम,कर्तव्य र अधिकार एवम् बैठक सम्बन्धी कार्यविधि तोकिए बमोजिम हुनेछ ।

**२१. विद्यालय व्यवस्थापन समिति विघटन गर्न सकिने :**

(१) दफा (१०) बमोजिमको समयावधिसम्म व्यवस्थापन समिति पुनर्गठन नभएका र कुनै व्यवस्थापन समितिले तोकिएको जिम्मेवारी पूरा गर्न

नसकेको भनी नगर शिक्षा समितिले कारणसहित नगरपालिका कार्यालयमा सिफारिस गरेमा सोको कारण खुलाई नगरपालिकाले तोकिएको प्रक्रिया पूरा गराई विद्यालय व्यवस्थापन समितिलाई विघटन गर्न सक्नेछ । तर यसरी विघटन गर्नुअघि विद्यालय व्यवस्थापन समितिलाई आफ्नो सफाइ पेस गर्ने मनासिब मौका दिइनेछ ।

(२) उपदफा (१) बमोजिम विद्यालय व्यवस्थापन समिति विघटन भएपछि अर्को विद्यालय व्यवस्थापन समिति गठन नभएसम्म वा अन्य कुनै कारणले विद्यालय व्यवस्थापन समिति गठन नभएसम्म विद्यालय व्यवस्थापन समितिको काम गर्न नगरपालिकाले एक तदर्थ विद्यालय व्यवस्थापन समिति गठन गर्न सक्नेछ । यसरी तदर्थ विद्यालय व्यवस्थापन समिति वडाअध्यक्षको संयोजकत्वमा नगर शिक्षा समितिले गठन गर्न सक्नेछ ।

**२२. विद्यालय सञ्चालन कार्यविधि :**

(१) यो ऐन वा प्रचलित कानुनको अधिनमा रही प्रत्येक सामुदायिक विद्यालयले विद्यालयको लक्ष्य,मूल्य,मान्यता, सञ्चालन प्रक्रिया, बालबालिकाहरूको चौतर्फी विकासमा टेवा पुग्ने गरी अतिरिक्त क्रियाकलापहरूको विवरण लगायतका अन्य सान्दर्भिक विषयवस्तु समावेश गरिएको कार्यविधि अभिभावक भेलाबाट पारित गराइ लागु गर्नु पर्नेछ ।

(२) अभिभावक भेलाले आवश्यकता अनुसार कार्यविधि संशोधन गर्न सक्नेछ ।

(३) कार्यविधि अनुसार विद्यालय सञ्चालन गर्नु व्यवस्थापन समिति, प्रधानाध्यापक लगायत अन्य सबैको कर्तव्य हुनेछ ।

(४) कार्यविधि पारित भै लागु भएको मितिले ७ दिन भित्र विद्यालय व्यवस्थापन समितिको तर्फबाट पारित कार्यविधिको प्रतिलिपि नगरपालिका कार्यालयमा पेस गर्नु पर्नेछ ।

(५) नगरपालिकाले नगरको शैक्षिक विकासका लागि नमुना विद्यालयको विकास गर्न आवश्यकताअनुसार नमुना विद्यालय स्थापना गर्न वा हाल संचालित सामुदायिक विद्यालयहरू मध्येबाट नमुना विद्यालयको रुपमा छनोट गरी संचालन गर्न सक्नेछ । नमुना विद्यालयलाई सम्बन्धित विषयमा आवश्यक स्वयमसेवक र थप सहयोगको व्यवस्था तोकिए बमोजिम गरिनेछ ।

(६) विद्यालयको कार्यविधि सार्वजनिक दस्तावेज हुनेछ ।

**२३. नगर स्तरीय नेपाल शिक्षक महासंघ सम्बन्धी व्यवस्था :**

(१) सामुदायिक विद्यालयका शिक्षक तथा कर्मचारीहरुको पेसागत हकहित, पेशागत विकास तथा शैक्षिक उन्नयनको लागि कार्य गर्न नगर स्तरमा तोकिए बमोजिमको एक नेपाल शिक्षक महासङ्घ रहनेछ ।

(२) नेपाल शिक्षक महासंघको गठन **तोकिए बमोजिम** हुनेछ ।

परिच्छेद –६

## कोष,अनुदान,शुल्क तथा छात्रवृत्ति, विद्यालय सम्पत्ति,विद्यालयलाई छुट र सुविधा सम्बन्धी व्यवस्था

**२४. नगर शिक्षा विकास कोष :**

(१) सामुदायिक विद्यालयको भौतिक पूर्वाधार विकासमा सहयोग पुऱ्याउन तथा त्यस्ता विद्यालयमा शैक्षिक गुणस्तर अभिवृद्धि गर्न नगरपालिकामा एउटा नगर शिक्षा विकास कोष रहनेछ ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहायका रकमहरू रहनेछन् :

(क) नेपाल सरकारबाट प्राप्त अनुदान रकम,

(ख) प्रदेश सरकारबाट प्राप्त अनुदान रकम,

(ग) नगरपालिकाबाट प्राप्त अनुदान रकम,

(घ) संस्थागत विद्यालयबाट प्राप्त विद्यालयको वार्षिक कुल आम्दानीमध्ये तोकिए बमोजिमको रकम

(ङ) चन्दाबाट प्राप्त रकम,

(च) अन्य स्रोतबाट प्राप्त रकम ।

(३) नगर शिक्षा विकास कोषको सञ्चालन र व्यवस्थापन गर्नु नगर शिक्षा समितिको कर्तव्य हुनेछ । कोष सञ्चालक समिति तोकिए बमोजिम हुनेछ ।

(४) उपदफा (१) बमोजिमको कोष सञ्चालनको कार्यविधि तोकिए बमोजिम हुनेछ ।

**२५. विद्यालय कोष :**

(१) प्रत्येक विद्यालयमा एउटा विद्यालय कोष रहनेछ, जसमा देहाय बमोजिमका स्रोतबाट प्राप्त रकम सो कोषमा दाखिला हुनेछ :

(क) नेपाल सरकारबाट प्राप्त अनुदान रकम,

(ख) प्रदेश सरकारबाट प्राप्त अनुदान रकम,

(ग) नगरपालिकाबाट प्राप्त अनुदान रकम,

(घ) संस्थागत विद्यालयबाट प्राप्त विद्यालयको वार्षिक कुल आम्दानीमध्ये तोकिए बमोजिमको रकम

(ङ) चन्दाबाट प्राप्त रकम,

(च) अन्य स्रोतबाट प्राप्त रकम ।

(२) उपदफा (१) बमोजिमको कोषको सञ्चालन प्र.अ. र लेखाको काम गर्ने कर्मचारी वा शिक्षकको संयुक्त नाउँबाट हुनेछ र लेखा परीक्षण तथा सामाजिक परीक्षण तोकिए बमोजिम हुनेछ ।

**२६. अनुदानको व्यवस्था :**

(१) यो ऐन प्रारम्भ हुँदाका बखत दिँदै आएको अनुदान रकममा कटौति नगरी तोकिएको शीर्षक नतोकी नगरपालिकाले सामुदायिक विद्यालयलाई अनुदान दिन सक्नेछ । तर कुनै विद्यालयले तोकिएको शैक्षिक स्तर कायम गर्न नसकेमा त्यस्ता विद्यालयलाई दिइँदै आएको अनुदान रकममा तोकिए बमोजिम कटौति गर्न सकिनेछ ।

(२) सामुदायिक विद्यालयलाई तोकिए बमोजिम अनुदान उपलब्ध गराउनेछ ।

**२७. प्रारम्भिक बाल शिक्षा कक्षालाई अनुदान दिन सक्ने :**

नगरपालिकाले प्रारम्भिक बालविकास केन्द्रलाई तोकिए बमोजिमको अनुदान रकम दिन सक्नेछ ।

**२८.शुल्क सम्बन्धी व्यवस्था :**

(१) नेपाल सरकारले निःशुल्क शिक्षा घोषणा गरेको विद्यालय शिक्षाका लागि सामुदायिक विद्यालयले विद्यार्थीहरूबाट कुनै पनि किसिमको शुल्क लिन पाउने छैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि कुनै अभिभावकले आफ्नो इच्छाले दिएको दान,उपहार,चन्दा वा सहयोग सामुदायिक विद्यालयले लिन सक्नेछ । सोको विवरण सार्वजनिक गर्नु सम्बन्धित विद्यालयको कर्तव्य हुनेछ ।

(३) सबै बालबालिकाहरूलाई आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्म निःशुल्क शिक्षा प्रदान गर्नका लागि नगरपालिकाले आवश्यक स्रोतको व्यवस्था गर्नेछ ।

(४) उपदफा (१) बमोजिम निःशुल्क शिक्षा घोषणा गरेको विद्यालय शिक्षा बाहेक अन्य विद्यालय शिक्षामा अध्ययन गर्ने विद्यार्थीसँग शुल्क तोकिएको आधारमा निर्धारण गरिनेछ ।

(५) विद्यालयले विद्यार्थीहरूलाई कुनै कक्षामा भर्ना गर्दा एक पटक भर्ना शुल्क लिइसकेपछि पुनः सोही विद्यालयको अर्को कक्षामा भर्ना गर्नका लागि कुनै किसिमको शुल्क लिन पाउने छैन ।

(६) विद्यालयले आफ्नो भौतिक संरचना निर्माण गर्नका लागि विद्यार्थीहरूसँग कुनै किसिमको शुल्क लिन पाउने छैन ।

(७) संस्थागत विद्यालयले विद्यार्थीसँग लिन पाउने शुल्क नगरपालिकाबाट स्वीकृत गराई निर्धारण गर्नु पर्नेछ । नगरपालिकाले विद्यालयले उपलब्ध गराएको सुविधाको आधारमा शुल्कको दर तोक्नेछ ।

(८) कुनै विद्यालयले यस ऐन विपरित विद्यार्थीसँग कुनै शुल्क लिएमा नगरपालिकाले त्यस्तो शुल्क सम्बन्धित विद्यार्थीलाई फिर्ता गर्न लगाउनु पर्नेछ ।

(९) यस ऐन विपरित शुल्क लिने विद्यालयलाई नगरपालिकाले पच्चीस हजार रुपैयाँसम्म जरिवाना गर्न सक्नेछ ।

**२९. छात्रवृत्तिको व्यवस्था गर्न सक्ने :**

नगरपालिकाले विद्यालयमा भर्ना हुने विद्यार्थीहरूलाई तोकिए बमोजिम छात्रवृत्तिको व्यवस्था गर्न सक्नेछ । कक्षा पाँचसम्मका विद्यार्थीहरूलाई तोकिए बमोजिम खाजाको व्यवस्था गर्न सकिनेछ ।

**३०. संस्थागत विद्यालयले छात्रवृत्ति उपलब्ध गराउनु पर्ने**

(१) संस्थागत विद्यालयहरूले भर्ना भएका कुल विद्यार्थी सङ्ख्याको कम्तिमा दश प्रतिशतमा नघट्ने गरी तोकिए बमोजिम आर्थिक रुपमा विपन्न, अपाङ्ग, महिला, दलित वा जनजाति विद्यार्थीलाई छात्रवृत्ति उपलब्ध गराउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम छात्रवृत्तिका लागि विद्यार्थी छनोट गर्न विद्यालयले एउटा छात्रवृत्ति छनोट समिति गठन गर्नेछ । प्रत्येक विद्यालयले आफूले उपलब्ध गराएको छात्रवृत्तिको आधार सहितको विवरण नगर शिक्षा समितिमा पेस गर्नु पर्नेछ ।

**३१. विद्यालयको सम्पत्ति :**

(१) सामुदायिक विद्यालयको हक भोगमा रहेको सम्पत्ति सार्वजनिक सम्पत्ति मानिनेछ । यस ऐन बमोजिम अनुमति वा स्वीकृति रद्ध गरिएको वा कुनै विद्यालयमा गाभिएको सामुदायिक विद्यालयको सम्पत्ति नगरपालिकाले अन्य विद्यालयको काममा प्रयोगमा नआउने भएमा प्रचलित कानुन बमोजिम बेचविखन गरी प्राप्त भएको रकम सम्बन्धित नगरपालिकाको शिक्षा कोषमा जम्मा गर्नेछ ।

(२) शैक्षिक गुठी अन्तर्गत सञ्चालित संस्थागत विद्यालयको सम्पत्ति सोही विद्यालयको नाममा रहनेछ । कुनै विद्यालय सार्वजनिक शैक्षिक गुठीको रुपमा सञ्चालन गरिएकोमा त्यस्तो विद्यालयको सम्पत्ति सार्वजनिक सम्पत्ति मानिनेछ र त्यस्तो सम्पत्तिको स्वरुप परिवर्तन गर्न पाइने छैन ।

(३) कम्पनी ऐन अन्तर्गत सञ्चालित संस्थागत विद्यालयको सम्पत्ति सोही कम्पनीको नाममा रहनेछ ।

(४) संस्थागत विद्यालयले कुनै व्यक्ति वा संघ संस्थासँग दानदातव्यको रुपमा कुनै किसिमको चल,अचल सम्पत्ति प्राप्त गर्नु अघि नगरपालिकासँग स्वीकृति लिनु पर्नेछ ।

(५) नेपाल सरकारको स्वीकृतिमा प्राप्त गरेको सम्पत्ति नेपाल सरकारको स्वीकृति नलिई बेचबिखन गर्न पाइने छैन ।

**३२. विद्यालयलाई छुट र सुविधा :**

(१) प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भएता पनि सामुदायिक विद्यालय र शैक्षिक गुठीको रुपमा सञ्चालित संस्थागत विद्यालयको नाममा जुनसुकै लिखित परित गर्दा रजिष्ट्रेशन दस्तुर लाग्ने छैन ।

(२) उपदफा (१) मा लेखिएको बाहेक अन्य विद्यालयको नाममा कुनै लिखत पारित गर्दा नेपाल सरकारले तोके बमोजिमको आधारमा रजिष्ट्रेशन दस्तुर लाग्नेछ ।

(३) सामुदायिक विद्यालय र शैक्षिक गुठीको रुपमा सञ्चालित संस्थागत विद्यालयलाई दिइने अन्य छुट र सुविधा तोकिए बमोजिम हुनेछ ।

परिच्छेद –७

## दरबन्दी मिलान, शैक्षिक योग्यता,नियुक्ति र सरुवा सम्बन्धी व्यवस्था

**३३. दरबन्दी मिलान :**

आवश्यक मापदण्डसहित विद्यार्थी/शिक्षक अनुपात निर्धारण गरी नगर शिक्षा समितिले प्रत्येक वर्षको चैत्रभित्र दरबन्दी मिलान गर्ने कार्य गर्नेछ । हाल रहेको शिक्षक जगेडा दरबन्दी यसै ऐन बमोजिम नगर कार्यपालिका मातहत रहनेछ ।

**३४. शैक्षिक योग्यता :**

विद्यालयको शिक्षक, कर्मचारी एवम् बालविकास केन्द्रको सहयोगी कार्यकर्ताका लागि चाहिने शैक्षिक योग्यता तोकिए बमोजिम हुनेछ ।

**३५. शिक्षक विद्यार्थीको अनुपात मिलाउनु पर्ने :**

नगरपालिकाले प्रत्येक विद्यालयमा नियमित अध्ययन गर्ने विद्यार्थी सङ्ख्या र विषयका आधारमा तोकिए बमोजिम विद्यार्थी तथा शिक्षकको अनुपात कायम गर्नु पर्नेछ ।

**३६. शिक्षकलाई अन्य काममा लगाउन नहुने :**

(१) सामुदायिक विद्यालयका शिक्षकलाई शिक्षा प्रदान गर्ने विद्यालय वा प्रशासनिक सम्बन्धी काममा बाहेक अन्य काममा लगाउन हुँदैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि विद्यालयको पठनपाठनमा बाधा नपर्ने गरी नेपाल सरकार वा नगरपालिकाले तोकेको अन्य कुनै काममा खटाउन सकिनेछ ।

**३७. अदालतको आदेश पुनः बहाली हुन सक्ने :**

(१) दफा ४२ मा उल्लेख भएका कुनै आरोप वा केही आरोपमा सजायँ भइ नोकरीबाट हटाइएको वा बर्खास्त भएको शिक्षक कर्मचारी अदालतको आदेश वा फैसला बमोजिम मात्र नोकरीमा पुनः बहाली हुन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम पुन : बहाली भएको शिक्षक वा कर्मचारीले नोकरीबाट हटेको दिनदेखि पुनः बहाली भएको मितिसम्मको पूरा तलब,भत्ता र तलब वृद्धि समेत पाउन सक्नेछ ।

**३८. शिक्षकको नियुक्ति, बढुवा र सरुवा :**

(१) विद्यालयमा रिक्त अस्थायी, करार, अनुदानकोटा (राहत) र बाल विकास केन्द्रका सहयोगी कार्यकर्ताको नियुक्तिको व्यवस्था यसै ऐनले तोके बमोजिम हुनेछ ।

(२) बाल विकास सहयोगी कार्यकर्ताको योग्यता,सेवा सर्त तथा सुविधा नेपाल सरकारले तोकेबमोजिम हुनेछ ।

(३) नगरपालिकाभित्र कार्यरत स्थायी,अस्थायी,करार,राहत अनुदानकोटाका शिक्षकलाई नगरपालिका अन्तर्गत एक विद्यालयबाट अर्को विद्यालयमा सरुवा गर्नु पर्ने भएमा नगर शिक्षा समितिले सम्बन्धित विद्यालय व्यवस्थापन समितिको सिफारिस सहित तोकिए बमोजिमको प्रक्रिया अपनाईसरुवा गर्न सक्नेछ ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भएतापनि एउटै विद्यालयमा कार्यरत शिक्षकहरूलाई नगर शिक्षा समितिले विद्यालय व्यवस्थापन समितिको सहमति नलिई नगरपालिका भित्रका एक विद्यालयबाट अर्को विद्यालयमा विद्यमान अवस्था, आवश्यकता र औचित्यका आधारमा सरुवा गर्न सक्नेछ ।

(५) शिक्षक सेवा आयोगबाट सफल भई सिफारिस भएका शिक्षकलाई विषय मिल्ने गरी स्थायी नियुक्ति दिई काममा लगाउनु पर्नेछ । दरबन्दीमा करार शिक्षक नियुक्ति गर्दा शिक्षा सेवा आयोगको करार सूचीलाई पहिलो प्राथमिकता दिइनेछ ।

(६) नगरपालिका भित्र सञ्चालित सामुदायिक विद्यालयहरुमा दरबन्दी,राहत अनुदान कोटा कुनै कारणबस रिक्त रहेमा वा भई आएमा शिक्षणसिकाइ कार्य प्रभावित नहोस् भन्ने उद्देश्यले विद्यालय व्यवस्थापन समितिको सिफारिस अनुसार नगरपालिका नगर भित्रका त्यस्ता रिक्त पद सङ्कलन गरी करारमा शिक्षक भर्ना गर्न विज्ञापन गर्न सक्नेछ ।

(७) शिक्षक सेवा आयोगबाट प्रकाशित करार सूचीमा सिफारिस उम्मेदवार उपलब्ध नभएमा नगर शिक्षा समितिले तोके बमोजिमको प्रक्रियाबाट प्रकाशित करार सूचीमा सिफारिस उम्मेदवारलाई नगरपालिका भित्र रिक्त रहेको दरबन्दी/राहत कोटामा योग्यताक्रम

अनुसार करार नियुक्ति दिई सम्बन्धित विद्यालयमा काममा लगाउन सक्नेछ ।

**३९. तलब भत्ता नपाउने र सेवा अवधि गणना नहुने :**

दफा ३६ मा उल्लेखित अवस्थामा वा नियमानुसार बिदा स्वीकृत गराई बसेको अवस्थामा बाहेक विद्यालयमा अनुपस्थित रहेका शिक्षकले अनुपस्थित अवधिको तलब भत्ता पाउने छैनन् र सो अवधि सेवामा गणना समेत हुने छैन ।

**४०. प्रधानाध्यापक तथा कर्मचारी सम्बन्धी व्यवस्था :**

(१) प्रत्येक सामुदायिक विद्यालयमा नगरपालिकाले स्वीकृत गरे बमोजिमको प्रधानाध्यापकको दरबन्दी रहनेछ ।

(२) उपदफा (१) बमोजिमका प्रधानाध्यापक तथा कर्मचारी नियुक्ति, सेवासर्त र सुविधा सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(३) यस ऐन बमोजिम गठन हुने नयाँ विद्यालय व्यवस्थापन समितिले उक्त विद्यालयको प्रधानाध्यापकका लागि सोही विद्यालयमा रहेका शिक्षकहरू मध्येबाट र सो विद्यालयको तहसँग मेल खाने शिक्षक नरहेको अवस्थामा नगरशिक्षा समितिको सहमति लिई अन्य विद्यालयबाट प्रधानाध्यपकको व्यवस्थापन गर्न विद्यालय व्यवस्थापन समिति गठन भएको मितिले ३महिना भित्र विज्ञापन गरिसक्नु पर्नेछ ।

**४०.१. प्रधानाध्यापक सम्बन्धी व्यवस्था :**

प्रत्येक विद्यालयमा विद्यालयको प्राज्ञिक तथा प्रशासकीय प्रमुखको रुपमा काम गर्न स्वीकृत दरबन्दीमा नबढ्ने गरी एक प्रधानाध्यापकको पद रहनेछ । प्रधानाध्यापकको नियुक्ति सम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछ :

(१) आधारभूत तहको कक्षा पाँचसम्मको विद्यालय भए कम्तीमा बाह्र कक्षा वा सो सरह उत्तीर्ण गरेको, आधारभूत तहको अन्य विद्यालय भए कम्तीमा स्नातक वा सो सरह उत्तीर्ण गरेको र माध्यमिक तहको विद्यालय भए कम्तीमा स्नाकोत्तर तह वा सो सरह उत्तीर्ण गरेको,विद्यालयमा कम्तीमा पाँच वर्ष स्थायी शिक्षकको रुपमा शिक्षण अनुभव भएको,संघीय ऐन तथा सो ऐन अन्तर्गत बनेको नियामवली बमोजिम शिक्षक बन्ने योग्यता भएको तथा विद्यालय व्यवस्थापन समितिले सिफारिस गरेको व्यक्तिलाई नगर शिक्षा समितिको निर्णय बमोजिम पाँच वर्षको लागि सामुदायिक विद्यालयको प्रधानाध्यापकको पदमा नियुक्ति गर्नेछ ।

(२) उपदफा (१) बमोजिम प्रधानाध्यापकको पदमा नियुक्ति हुनु पूर्व निजले तोकिएको ढाँचामा विद्यालय विकासको प्रस्ताव लिई सोही आधारमा

नगर शिक्षा समिति समक्ष पञ्चवर्षीय कार्य सम्पादन करार सम्झौता गर्नु पर्नेछ ।

(३) एउटै सामुदायिक विद्यालयमा लगातार दुई कार्यकालभन्दा बढी एकै व्यक्ति प्रधानाध्यापक हुन सक्ने छैन ।

(४) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा सामुदायिक विद्यालयको प्रधानाध्यापकलाई नगर शिक्षा समितिको सिफारिसमा कार्यपालिकाले जुनसुकै बखत हटाउन सक्नेछ –

(क) निजको आचरण खराब रहेमा,

(ख) ऐन तथा नियमावली विपरितको कुनै कार्य गरेमा,

(ग) निजले कार्यसम्पादन सम्झौता बमोजिम काम गर्न नसकेमा वा निजको काम सन्तोषजनक नभएमा,

(घ) विद्यालयको चल,अचल सम्पत्ति हिनामिना गरेमा,

(ङ) विद्यालय समयमा मादक पदार्थ सेवन गरेको चिकित्सकबाट प्रमाणित भएमा,

(५) सामुदायिक विद्यालयको कुनै प्रधानाध्यापकलाई उपदफा (४) बमोजिमको आधारमा पदबाट हटाउनु पर्ने भएमा नगर शिक्षा,युवा तथा खेलकुद शाखा प्रमुखले त्यस्तो आधार विद्यमान भए नभएको सम्बन्धमा जाँचबुझ गरी र गराई प्रतिवेदन लिनेछ र त्यस्तो प्रतिवेदनबाट प्रधानाध्यापकलाई हटाउनु पर्ने देखिएमा पदबाट हटाउन नगर शिक्षा समितिमा राय सहित पेश गर्नु पर्नेछ ।

(६) उपदफा (५) मा जुनसुकै कुरा लेखिएको भए तापनि सो उपदफा बमोजिम प्रधानाध्यापकलाई पदबाट हटाउनु अघि निजलाई सफाइ पेश गर्ने मौकाबाट बञ्चित गरिने छैन ।

(७) बहालवाला शिक्षकमध्येबाट छनौट भएको प्रधानाध्यापकलाई उपदफा (४) को (क) वा (ख) बमोजिमको आधारमा हटाएको अवस्थामा निजलाई ऐन बमोजिम विभागीय कारवाही समेत गरिनेछ ।

(८) प्रधानाध्यापकको काम,कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ –

(क) विद्यालयमा शैक्षिक वातावरण,गुणस्तर र अनुशासन कायम राख्ने ,

(ख) विद्यालयका शिक्षक तथा कर्मचारीहरुसंग समन्वय गरी शिक्षक कर्मचारी, विद्यार्थी र अभिभावकहरुबीच पारस्परिक सहयोगको वातावरण सृजना गर्ने,

(ग) विद्यालयमा अनुशासन,सच्चरित्रता,सिस्टता कायम गर्न आवश्यक काम गर्ने,

(घ) शिक्षकहरुसंग शिक्षणसिकाइ र सिकाइउपलब्धिलाई केन्द्रमा राखी कार्यसम्पादन करार सम्झौता गर्ने तथा त्यस्तो कार्यसम्पादन सम्झौता बमोजिम कक्षा सञ्चालन भए नभएको निरीक्षण गर्ने, समयसमयमा विद्यार्थीहरुको सिकाइउपलब्धि परीक्षण गरी प्रगतिको अवस्था अवलोकन गर्ने ।

(ङ) विद्यालयमा सरसफाई,अतिरिक्त क्रियाकलाप आदिको प्रवन्ध गर्ने गराउने,

(च) विद्यालयको प्रशासनिक कार्यको सञ्चालन तथा नियन्त्रण गर्ने,

(छ) विद्यालयमा विद्यार्थी भर्ना गर्ने तथा परीक्षा सञ्चालन गराउने,

(ज) विद्यार्थीलाई स्थानान्तरण तथा अन्य प्रमाणपत्र दिने,

(झ) विद्यालयमा भए गरेका महत्वपूर्ण काम कारवाहीको अभिलेख राख्ने,

(ञ) कुनै शिक्षक वा कर्मचारीले जानी जानी वा लापरवाहीसाथ कुनै काम गर्नाले विद्यालयलाई हानी नोक्सानी पर्न गएमा त्यस्तो हानी नोक्सानीको रकम तलबबाट कट्टा गरी असुल गर्ने,

(ट) विद्यालयले आफ्नै स्रोतमा नियुक्त गरेका शिक्षक वा कर्मचारीले पदीय जिम्मेवारी पूरा नगरेमा व्यवस्थापन समितिको सिफारिस बमोजिम आवकाश लगायतका अन्य विभागीय कारवाही गर्ने,

(ठ) शिक्षक र कर्मचारीलाई दिइएको सजायँको अभिलेख राख्ने तथा त्यस्तो अभिलेख नगर शिक्षा,युवा तथा खेलकुद शाखा प्रमुख तथा निरीक्षकले हेर्न चाहेमा देखाउने ,

(ड) शिक्षक तथा कर्मचारीहरुको आचरण र कार्यसम्पादनसम्बन्धी प्रतिवेदन नगर शिक्षा,युवा तथा खेलकुद शाखा तथा व्यवस्थापन समितिमा पेश गर्ने,

(ढ) शिक्षक वा कर्मचारीलाई सजायँ वा पुरस्कार दिने सम्बन्धमा व्यवस्थापन समिति तथा शिक्षा,युवा तथा खेलकुद शाखामा सिफारिस गर्ने,

(ण) नगरपालिकाबाट स्थायी नियुक्ति एवम् पदस्थापन भई आएका शिक्षकलाई हाजिर गराई विषय र तह अनुसारको कक्षा शिक्षणमा खटाउने ,

(त) महिनामा कम्तीमा एक पटक शिक्षक तथा कर्मचारीहरुको बैठक बोलाई विद्यालयको प्रज्ञिक,भौतिक,शैक्षिक गुणस्तर एवम् शैक्षिक प्रशासन सम्बन्धी विषयमा छलफल गरी त्यसको अभिलेख राख्ने ,

(थ) नगरपालिकाबाट पूर्व स्वीकृति लिई अतिआवश्यक भएका विषयमा विद्यालय व्यवस्थापन समितिको निर्णय गराई विद्यालयको स्रोतबाट तलब भत्ता खानेगरी शिक्षकको पद कायम गरी सो अनुसार पद स्वीकृति भएका विषयका शिक्षकको तोकिएको प्रक्रिया अपनाई शिक्षक करारमा नियुक्त गर्ने । सो को जानकारी व्यवस्थापन समितिमा पेश गर्ने,

(द) विद्यालय भवन तथा छात्रावासको हाताभित्र कुनै किसिमको अवाञ्छित क्रियाकलाप हुन नदिने,

(ध) विद्यालयको प्रभावकारी सञ्चालनको लागि वार्षिक योजना बनाई व्यवस्थापन समितिबाट पारित गरी कार्यान्वयन गर्ने गराउने,

(न) विद्यालयमा अध्ययन अध्यापन सम्बन्धी मासिक,अर्धवार्षिक,वार्षिक कार्यक्रम बनाई कार्यान्वयन गर्ने गराउने,

(प) शिक्षक वा कर्मचारीलाई तालिमका पठाउन व्यवस्थापन समितिबाट अनुमोदन गराई नगरपालिकाको शिक्षा,युवा तथा खेलकुद शाखामा पठाउने,

(फ) विद्यालयमा नगरपालिकाले तोकेको नेपाल सरकारबाट स्वीकृत पाठ्यक्रम तथा पाठ्यपुस्तक लागू गर्ने,

(ब) व्यवस्थापन समितिले दिएको निर्देशन तथा आफूले पाएको अधिकार बमोजिम रकम खर्च गर्ने र आयव्ययको हिसाब राख्ने तथा राख्न लगाउने,

(भ) विद्यालयमा सञ्चालन हुने आवधिक परीक्षा नियमित तथा मर्यादित ढँगबाट सञ्चालन गर्ने गराउने,

(म) कुनै शिक्षकले अध्यापन गरेको विषयमा लगातार तीन वर्षसम्म ५० प्रतिशत भन्दा बढी विद्यार्थी असफल भएमा वा कुनै शिक्षकले लापरवाही वा अनुशासनहीन काम गरेमा त्यस्तो शिक्षकको २ वर्षसम्म तलब वृद्धि रोक्का गर्ने ,

(य) विद्यालयमा नियम बमोजिमको कक्षा लिने तथा शिक्षकलाई लिन लगाउने,

(र) स्वीकृत दरबन्दीमा कार्यरत शिक्षक तथा कर्मचारीको तलबी प्रतिवेदन पारित गर्न नगर शिक्षा,युवा तथा खेलकुद शाखामा पठाउने,

(ल) विद्यालयका शिक्षक तथा कर्मचारीहरुको काम,कर्तव्य तोक्ने,

(व) नगर शिक्षा,युवा तथा खेलकुद शाखा तथा व्यवस्थापन समितिले दिएका निर्दशन पालन गर्ने गराउने,

(श) विद्यालयको शैक्षिक प्रगति सम्बन्धी विवरण तथा तथ्यांक मन्त्रालयद्वारा निर्धारित ढाँचा र समयभित्र निरीक्षकद्वारा प्रमाणित गराई स्थानीय शिक्षा,युवा तथा खेलकुद शाखामा पठाउने,

(ष) विद्यालयको आफ्नो स्रोतबाट खर्च बेहोर्ने गरी नियुक्त भएका शिक्षकहरुको कार्य सम्पादन मूल्याङ्कन फाराम भरी व्यवस्थापन समितिमा पेश गर्ने,

(स) विद्यालयमा कार्यरत शिक्षक तथा कर्मचारीको सम्पत्ति विवरण फाराम निर्धारित समयमा भर्न लगाई विद्यालयमा दर्ता गरी शिक्षा,युवा तथा खेलकुद शाखा मार्फत शिक्षक किताबखानामा पठाउने,

(ह) विद्यालयका शिक्षक तथा कर्मचारीबाट कट्टि गरेको कर्मचारी संचयकोष,नगरिक लगानी कोष,बीमा,सामाजिक सुरक्षा कोषको रकम समयमै सम्बन्धित निकायमा पठाउन लगाउने,

(क्ष) व्यवस्थापन समितिबाट स्वीकृत खरिद योजना अनुसार मालसामान तथा सेवा खरिद गर्ने ।

(त्र) शिक्षक तथा विद्यार्थीको आचारसंहिता निर्माण गरी गराई कार्यान्वयन गर्ने,

(ज्ञ) शिक्षक,कर्मचारी, स.का.र विद्यार्थीको लागि तोकिएको पोशाक लगाउन अनिवार्य व्यवस्था गर्ने ,

(ज्ञ१) विद्यालयको काम कारबाहीको उपदफा (९) बमोजिमको समितिबाट सामाजिक परीक्षण व्यवस्था मिलाउने।

(ज्ञ२) लेखा परीक्षण गराउने र प्रतिवेदन पेश गर्ने : (क) प्रधानाध्यापकले प्रत्येक वर्ष विद्यालयको आय व्ययको लेखा नगरपालिकाले तोकेको लेखा परीक्षकद्वारा गराउनु पर्नेछ ।

(ख) लेखा परीक्षणको सिलसिलामा प्रधानाध्यापकले विद्यालयको आय व्ययको बहीखाता लेखा परीक्षकले मागेको बखत जाँच्न दिनुपर्नेछ र निजले कुनै हरहिसाब कैफियत गरेको देखिए सो कुराको यथार्थ जवाफ समेत सरोकारवालालाई दिनु पर्नेछ ।

(ग) विद्यालयको आय व्ययको लेखा नगर शिक्षा,युवा तथा खेलकुद शाखाबाट खटाइएको कर्मचारीले जुनसुकै बखत जाँचबुझ गर्न सक्नेछ । यसरी जाँचबुझ गर्दा खटी आएको कर्मचारीले माग गरेको विवरण देखाउनु प्रधानाध्यापकको कर्तव्य हुनेछ ।

(घ) लेखापरीक्षकले विद्यालयको लेखा परीक्षण गरी सकेपछि देहायका कुराहरू खुलाई सो सम्बन्धी प्रतिवेदन तयार गरी व्यवस्थापन समिति तथा नगरपालिका तथा प्रदेश शिक्षा निर्देशनालयमा एक–एक प्रति पठाउनु पर्नेछ :-

(क) सोधनी र कैफियत तलब भएका कुराको जवाफ यथाशीघ्र भए नभएको,

(ख) पेश भएको आय व्ययको हिसाब रीतपूर्वक भए नभएको,

(ग) आय व्ययको स्रेस्ता कानून बमोजिम राखे नराखेको,

(घ) विद्यालयको आय व्ययको लेखा यथार्थ रूपमा देखिने गरी वासलात दुरुस्त भए नभएको,

(ङ) कुनै शिक्षक वा कर्मचारीले कानून विपरीत कामकाज वा बेहिसाब गरे नगरेको,

(च) विद्यालयको कारोबार सन्तोषप्रद भए नभएको,

(९) सामुदायिक विद्यालयको काम कारबाही यस ऐन तथा तोकिएको कार्यविधि बमोजिम भए नभएको सम्बन्धमा प्रत्येक वर्ष मूल्याङ्कन गर्न देहाय बमोजिमको एक सामाजिक परीक्षण समिति रहनेछ :-

(क) शिक्षक-अभिभावक संघको अध्यक्ष - संयोजक

(ख) विद्यालयमा अध्ययनरत विद्यार्थीहरूका अभिभावकहरूमध्ये एकजना महिला अभिभावक समेत पर्ने गरी शिक्षक अभिभावक संघले तोकेको दुईजना - सदस्य

(ग) विद्यालय रहेको सम्बन्धित वडाको वडा अध्यक्ष - सदस्य

(घ) शिक्षक-अभिभावक संघले तोकेको बुद्धिजिवी एकजना - सदस्य

(ङ) प्रधानाध्यापकले तोकेको विद्यालयको शिक्षक - सदस्य-सचिव

## ४१. स्थायी आवासीय अनुमति लिन नहुने :

सामुदायिक विद्यालयमा कार्यरत कुनै शिक्षक वा कर्मचारीले कुनै पनि विदेशी मुलुकको स्थायी आवसीय अनुमति लिन वा त्यस्तो अनुमति प्राप्त गर्नको लागि आवेदन दिन हुँदैन । स्थायी आवासीय अनुमति लिएका तथा लिन आवेदन दिएका शिक्षक वा कर्मचारीलाई दण्ड तथा सजायँ तोकिए बमोजिम हुनेछ ।

## ४२. शिक्षक महासङ्घ, शिक्षक तथा कर्मचारीको पदीय आचरण तथा अन्य व्यवस्था

(१) देहायका अवस्थामा शिक्षक तथा कर्मचारीलाई विद्यालय व्यवस्थापन समितिले वडा शिक्षा समिति मार्फत पदबाट हटाउन नगर शिक्षा समितिमा सिफारिस गर्नेछ । सो उपर अनुगमन समितिको प्रतिवेदन र नगर शिक्षा समितिको सिफारिसमा नगरपालिकाले देहायको अवस्थामा सेवाबाट बर्खास्त गर्न सक्नेछ :

(क) तोकिए बमोजिमको पदीय दायित्व पूरा नगरेमा,

(ख) बिना सूचना लगातार ३० दिनभन्दा बढी समय विद्यालयमा अनुपस्थित भएमा,

(ग) विद्यालयमा मादक पदार्थ सेवन गरी आएको कुरा चिकित्सकबाट प्रमाणित भएमा,

(घ) नैतिक पतन देखिने कुनै फौजदारी अभियोगमा अदालतबाट सजायँ पाएमा,

(ङ) सामुदायिक विद्यालयका शिक्षकहरू वा कर्मचारीले कार्यालय समयमा अन्यत्र अध्यापन तथा अन्य व्यावसायिक क्रियाकलाप गरेमा,

(च) शिक्षक वा कर्मचारी राजनैतिक दलको कार्यकारिणी समितिमा रहेको पाइएमा,

(छ) शिक्षक वा कर्मचारीले कार्यालय समयमा व्यावसायिक हकहितका नाममा अमूक राजनैतिक दलको हित वा विरोध कार्य गर्ने गतिविधिमा संलग्न भएमा ।

(३) उपदफा (२) बमोजिम वा अन्य कारणले कुनै शिक्षक वा कर्मचारीलाई पदबाट बर्खास्त गर्नु पर्ने आवश्यक प्रमाण प्राप्त भएमा नगरपालिकाले निजलाई पदबाट हटाउन सक्नेछ । तर कार्यरत पदबाट हटाउनु अघि निजलाई मनासिब माफिकको सफाईको अवसर प्रदान गरिनेछ ।

**स्पष्टीकरण:**

यस खण्डको प्रयोजनका लागि कार्यकारिणी समिति भन्नाले राजनैतिक दलको विधान बमोजिम गठित केन्दीयस्तर, प्रादेशिकस्तर, जिल्लास्तर वा स्थानीय स्तरका कार्यकारिणी समिति सम्झनु पर्दछ ।

परिच्छेद–८

## सजाय सम्बन्धी व्यवस्था

४३. सजाय : उचित र पर्याप्त कारण भएमा शिक्षकलाई देहायको विभागीय सजाय गर्न सकिनेछ :-

(क) नसिहत दिने,

(ख) बढीमा पाँच वर्षसम्म तलव वृद्धि रोक्का गर्ने,

(ग) बढीमा दुई वर्षसम्म बढुवा रोक्का गर्ने,

(घ) भविष्यमा नोकरीको निमित्त अयोग्य नठहरिने गरी नोकरीवाट हटाउने,

(ङ) भविष्यमा नोकरीको निमित्त अयोग्य ठहरिने गरी नोकरीवाट बर्खास्त गर्ने ।

४४. नसिहत दिने : शिक्षकले विद्यालयमा आउने, अध्यापन गर्ने र जाने समय पालन नगरेमा निजलाई नसिहत दिन सकिनेछ ।

४५. पाँच वर्षसम्म तलब बृद्धि वा दुई वर्षसम्म बढुवा रोक्का गर्ने : देहायको अवस्थामा शिक्षकलाई पाँच वर्षसम्म तलब बृद्धि वा दुई वर्षसम्म बढुवा रोक्का गर्न सकिनेछ :-

(क) अनुशासनहीन काम गरेमा,

(ख) बराबर विद्यालयको समय पालन नगरेमा,

(ग) आचरण सम्बन्धी नियम उल्लंघन गरेमा,

(घ) खटाइएको तालिम वा प्रशिक्षणमा भाग लिन नगएमा,

(ङ) प्रधानाध्यापकले तालिम वा प्रशिक्षणमा छनौट भएका शिक्षकलाई सहभागी हुन नपठाएमा ।

४६. (१) कुनै प्रधानाध्यापक तथा शिक्षकले देहायका कार्य गरेमा वा गर्न लगाएमा वा सो कार्य गर्न सहयोग पुऱ्याएमा त्यस्तो कसूर गर्ने व्यक्तिलाई कसूरको मात्रा हेरी कानुनले तोके बमोजिम सजायँ हुनेछ :

(क) प्रश्नपत्रको गोपनीयता भङ्ग गरेमा,

(ख) उत्तरपुस्तिका परीक्षण गर्दा लापरवाही वा गैर जिम्मेवारपूर्ण कार्य गरेमा,

(ग) परीक्षा केन्द्रमा सम्बन्धित पदाधिकारीको स्वीकृति बिना प्रवेश गर्न प्रयत्न गरेमा वा प्रवेश गरेमा वा परीक्षा केन्द्र नियन्त्रणमा लिई अमर्यादित कार्य गरेमा,

(घ) परीक्षाफल प्रकाशनमा अनियमितता गरेमा,

(ङ) अरुको तर्फबाट परीक्षा दिएमा,

(च) सामुदायिक विद्यालयमा विद्यार्थी भर्ना गर्दा शुल्क लिएमा,

(छ) अनुमति नलिई कुनै शैक्षिक कार्यक्रम, शैक्षिक ब्रिजकोर्ष, कोचिङ्ग कक्षा, परामर्श सेवा केन्द्र, ट्युसन सेन्टर, भाषा शिक्षण कक्षा तथा पूर्व तयारी कक्षा सञ्चालन गरेमा,

(ज) परीक्षाको मर्यादा भङ्ग हुने अन्य कुनै कार्य गरेमा,

(झ) ३ वर्षको शैक्षिक उपलब्धि औषत रुपमा ५० प्रतिशत प्राप्त नगरेको वा सो भन्दा कम आएमा पहिलो पटक सचेत गराउने,त्यसपछि पनि उपलब्धि वृद्धि नभएमा ग्रेड रोक्का गर्ने ।

(ञ) कानुन विपरितका अन्य कार्य गरेमा ।

(२) कानुन बमोजिमको कसूरको सम्बन्धमा विद्यालयको कुनै शिक्षक वा कर्मचारी उपर मुद्दा हेर्ने अधिकारी वा जिल्ला अदालतमा मुद्दा दायर भएको मितिदेखि मुद्दाको अन्तिम फैसला नभएसम्म निलम्वित हुनेछन् । सो शिक्षक वा कर्मचारी अदालतबाट कसूरदार ठहरिएमा निजलाई यस ऐन बमोजिम विभागीय सजायँ गरिनेछ ।

**४७. नोकरीबाट हटाउने वा वर्खास्त गर्ने :** (१) ऐनको दफा ४२ (१) (क),(ख),(ग),(घ),(ङ),(च) र (छ) को अवस्थामा शिक्षकलाई नोकरीबाट हटाइउन सकिनेछ ।

(२) शिक्षकलाई देहायका अवस्थामा भविष्यमा शैक्षिक नोकरीको लागि अयोग्य ठहरिने गरी नोकरीबाट बर्खास्त गर्न सकिनेछः-

(क) नैतिक पतन देखिने फौज्दारी अभियोगमा अदालतबाट सजाय पाएमा,

(ख) भ्रष्टाचार गरेमा ।

**४८. विद्यालयलाई नोक्सानी भएको रकम असूल गरिने :** प्रधानाध्यापक वा कुनै शिक्षकले जानी जानी वा लापरवाही गरी कुनै काम गरेको कारणले विद्यालयलाई कुनै हानि नोक्सानी पर्न गएमा त्यस्तो हानि नोक्सानी भएको रकम त्यस्तो काम गर्नेबाट सरकारी बाँकी सरह असूल उपर गरिनेछ ।

**४९. सजाय सम्बन्धी व्यवस्था :** (१) सजाय दिन पाउने अधिकारीले कुनै शिक्षकलाई सजाय गर्ने आदेश दिनुभन्दा अघि निजलाई आफ्नो सफाइ पेश गर्ने मौका दिनु पर्छ । यसरी सफाइको मौका दिंदा निजमाथि लगाइएको

आरोप र सजाय स्पष्ट रूपले किटिएको हुनु पर्नेछ । त्यस्तोमा सम्बन्धित शिक्षकले पनि म्यादभित्र आफ्नो सफाइ पेश गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम शिक्षकले स्पष्टीकरण पेश नगरेमा वा पेश गरेको स्पष्टीकरण चित्त बुझ्दो नभएमा सजायको आदेश दिन पाउने अधिकारीले सजाय प्रस्ताव गरी पुनः स्पष्टीकरण माग गर्नेछ ।

**५०. निलम्बन गर्ने :** (१) प्रधानाध्यापक तथा कुनै शिक्षकलाई सजायको आदेश दिनुभन्दा अघि कुनै विषयमा जाँच गर्नु परेमा निजलाई सजाय दिन पाउने अधिकारीले निलम्वन गर्न सक्नेछ । निलम्वन गर्दा साधारणतया तीन महिनाभन्दा बढी गर्नु हुँदैन ।

(२) नैतिक पतन देखिने फौजदारी अभियोगमा गिरफ्तार भई थुनिएको शिक्षक त्यसरी थुनिएको अवधिभर स्वतः निलम्वन भएको मानिनेछ । यसरी निलम्बन हुने शिक्षकले निलम्बन भएको अवधिको तलब भत्ता पाउने छैन ।

(३) कुनै शिक्षक आफ्नो पदमा पुनः स्थापित भएमा वा नोकरीमा नरहेमा निजको निलम्वन समाप्त भएको मानिनेछ ।

(४) उपदफा (१) बमोजिम कुनै शिक्षक निलम्वन भएमा सो निलम्वन रहेको अवस्थामा निजले आफ्नो तलवको आधा मात्र पाउनेछ ।

तर त्यसरी लागेको अभियोग प्रमाणित नभई कुनै शिक्षकले सफाइ पाएमा निजले निलम्वन रहेको अवधिमा आधा तलव पाएको भए सो कटाई बाँकी तलव र त्यस्तो आधा तलव नपाएको भए पूरै तलव पाउनेछ ।

**५१. सजाय गर्ने :** शिक्षकले पेश गरेको स्पष्टीकरण सन्तोषजनक नदेखिएमा सजाय गर्ने अधिकारीले यसको कारण खुलाई सजाय गर्नेछ ।

**५२. सजाय गर्ने अधिकारी :** (१) शिक्षकलाई सजाय गर्ने अधिकारी देहाय बमोजिम हुनेछ :-

(क) शिक्षकलाई नसिहत दिने वा दुई तलब वृद्धि रोक्का गर्ने प्रधानाध्यापक र सो भन्दा बढी तलब बृद्धि रोक्का गर्ने व्यवस्थापन समिति,

(ख) प्रधानाध्यापकलाई नसिहत दिने र तलव बृद्धि रोक्का गर्ने नगर शिक्षा समिति

(ग) बढुवा रोक्का गर्ने नगर शिक्षा समिति

(घ) नोकरीबाट हटाउने वा बर्खास्त गर्ने सम्बन्धित प्रदेश शिक्षा निर्देशक ।

(२) उपदफा (१) को (ख), (ग) वा (घ) मा जुनसुकै कुरा लेखिएको भए तापनि समुदायद्वारा सञ्चालित विद्यालयका शिक्षक तथा प्रधानाध्यापकलाई सो खण्ड बमोजिमको सजाय गर्ने अधिकारी व्यवस्थापन समिति हुनेछ ।

(३) उपदफा (१) को (क) बमोजिम प्रधानाध्यापक वा व्यवस्थापन समितिले गरेको सजायको जानकारी नगर शिक्षा,युवा तथा खेलकुद शाखा रशिक्षक किताबखानालाई दिनु पर्नेछ ।

परिच्छेद –९

## विविध

**५३. विद्यालयलाई सुरक्षित क्षेत्रको रुपमा कायम गर्नु पर्ने :**

(१) विद्यालयमा स्वतन्त्र र भयरहित रुपमा अध्ययन, अध्यापन गर्ने वातावरण सृजना गर्न तथा विद्यालयभित्र कुनै पनि किसिमको अवाञ्छित क्रियाकलाप हुन नदिने गरी विद्यालयलाई सुरक्षित क्षेत्र कायम गर्नु पर्दछ ।

(२) उपदफा (१) बमोजिम सुरक्षित क्षेत्र कायम गर्दा विद्यालयले पालना गर्नु पर्ने सर्त तथा मापदण्ड तोकिए बमोजिम हुनेछन् ।

**५४. बालबालिकाहरूलाई निष्कासन गर्न, शारीरिक वा मानसिक दुर्व्यवहार गर्न नहुने :**

(१) उपदफा (१) कुनै पनि बालबालिकालाई विद्यालयबाट निष्कासन गर्न पाइने छैन । तर बालबिज्याइँ गरेको अवस्थामा बालकलाई आवश्यक कारवाहीका लागि सिफारिस गरी पठाउन बाधा पुगेको मानिने छैन ।

(२) विद्यालयमा अध्ययनरत बालबालिकालाई शारीरिक वा मानसिक यातना दिन वा दुर्व्यवहार गर्न पाइने छैन ।

**५५. प्रगति विवरण बुझाउनु पर्ने :**

संस्थागत विद्यालयले प्रत्येक वर्ष तोकिए बमोजिमका विवरण सहितको प्रगति विवरण नगर शिक्षा समिति समक्ष बुझाउनु पर्नेछ ।

**५६. विद्यालयले पालना गर्नु पर्ने शर्त तथा बन्देज :** विद्यालयले पालन गर्नु पर्ने शर्त तथा बन्देजहरू देहाय बमोजिम हुनेछन् :

(क) नेपाल सरकारबाट स्वीकृत पाठ्यक्रम र पाठ्यपुस्तक लागू गर्नु पर्ने,

(ख) नगर शिक्षा समितिको स्वीकृति नलिई थप पाठ्यपुस्तक तथा पाठ्यसामग्री प्रयोग गर्न नहुने,

(ग) राष्ट्रियता प्रति आँच आउने पाठ्यसामग्री भएको पाठ्यपुस्तक अध्यापन गर्न, गराउन नहुने,

(घ) विद्यालयमा वालमैत्री, अपाङ्गतामैत्री तथा लैङ्गिकमैत्री बातावरण सृजना गर्ने,

(ङ) अभिभावकको वार्षिक भेला गराई विद्यालयको आय व्यय, शैक्षिक उपलब्धि र आगामी शैक्षिक सत्रको कार्यक्रमको जानकारी गराउनु पर्ने,

(च) यस ऐनका आधारमा बनेको कार्यविधि/नियमावली बमोजिम आय व्ययको लेखा राख्नु पर्ने,

(छ) विद्यालयले गरेको लगानीको अभिलेख राख्नु पर्ने,

(ज) विद्यालयमा नेपालको राष्ट्रिय एकता, सार्वभौमिकता,जातीय, क्षेत्रीय,भाषिक, लैगिक, सामाजिक तथा धार्मिक सहिष्णुतामा खलल पार्ने कुनै पनि क्रियाकलाप हुन नदिने,

(झ) सामुदायिक विद्यालयमा नगर शिक्षा समितिले तोकेको संख्याको अधिनमा रही शिक्षक सेवा आयोगको सिफारिस अनुसार शिक्षक नियुक्ति गर्न पर्नेछ,

(ञ) विद्यालयमा नियमित रुपमा विद्यार्थीहरुलाई परियोजना कार्य, सामाजिक सेवा,अतिरिक्त क्रियाकलाप, तथा अन्य कार्यक्रममा सम्लग्न गराउनु पर्ने,

(ट)विद्यालय तथा छात्रावासमा स्वस्थकर, सत्य, निष्ठा र नैतिक चरित्र निर्माण, उद्यमशिलता प्रवर्द्धन, समाजिक सद्भाव प्रवद्धर्न तथा सामाजिक विकृति (वालविवाह, नीरक्षरता, छाउपडी, दहेज, बोक्सावोक्सी, छुवाछुत, जातिगत उचनीचता, छोरी माथिको विभेद आदि ) उन्मुलनको वातावरण कायम गर्न स्थानीय पाठ्यक्रम तयार गरी स्वीकृतिको लागि नगर शिक्षा समिति समक्ष प्रस्तुत गर्ने र नगर शिक्षा समितिवाट स्वीकृत पाठ्यक्रम कार्यान्वयनको आवश्यक व्यवस्था मिलाउने,

(ठ) आवासीय विद्यालयमा शिक्षा समितिले निर्धारण गरे बमोजिम विद्यार्थीको लागि खाना तथा पौष्टिक आहारको गुणस्तर कायम गर्नु पर्ने,

(ड) नगरसभाले पारित गरेको कानून तथा शैक्षिक नीतिको अधिनमा रही काम गर्नुपर्ने छ ,

(ढ) यस ऐन तथा ऐनका आधारमा बनेको कार्यविधि/नियमावली बमोजिम पूरा गर्नु पर्ने पूर्वाधारहरू कायम राख्नु पर्ने र विद्यार्थी संख्याका आधारमा पूर्वाधारको विस्तार तथा स्तर वृद्धि गर्नुपर्ने,

(ण) मन्त्रालय वा शिक्षा,युवा तथा खेलकुद शाखाले निर्धारण गरेको ढाँचामा विद्यालयले शैक्षिक तथ्याङ्क तयार गरी शैक्षिक सत्र

सकिएको १५ दिन भित्र शिक्षा,युवा तथा खेलकुद शाखामा पठाउनु पर्ने,

(त) विद्यालयले विद्यार्थीको लागि प्रयोग गर्ने सवारी साधन प्रचलित कानून बमोजिमको मापदण्ड अनुरुप परीक्षण गरिएको हुनु पर्ने,

**५७. पुनरावेदन :**

तोकिएको अधिकारीले गरेको सजायँको आदेश उपर कानुन बमोजिम पुनरावेदन लाग्नेछ ।

**५८. नगरपालिकाले निर्देशन दिन सक्ने :**

(१) नगरपालिकाले तोकिएको क्षेत्रसँग सम्बन्धित छात्रावास, ट्युसन सेन्टर, कोचिङ्ग सेन्टर सञ्चालनका लागि ताकिए बमोजिमका सर्त पूरा गरेका संस्थालाई अनुमति लगायतका आवश्यक निर्देशनहरू दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको दिइएको निर्देशन पालना गर्नु विद्यालय व्यवस्थापन समितिको कर्तव्य हुनेछ । यसरी नगरपालिकाबाट निर्देशन दिएको अवस्थामा उक्त निर्देशन पालन गरिएको प्रतिवेदन नगरपालिकामा पेस गर्नु पर्नेछ ।

**५९. नियम बनाउने अधिकार :**

(१) यस ऐनको उद्देश्य कार्यान्वयन गर्न नगरकार्यपालिकाले आवश्यकता अनुसार शिक्षा नियमावली, कार्यविधि तथा निर्देशिकाहरू जारी गर्न सक्नेछ ।

**६०. संक्रमणकालीन व्यवस्था :**

(१) यस ऐनले तोकिए बमोजिम हुने भनी व्यवस्था गरेको काम कानुन बमोजिम नतोकिएसम्म नगर कार्यपालिकाको निर्णय अनुसार हुनेछ ।

(२) यो ऐन जारी भएपछि विद्यालयमा रिक्त रहेका दरबन्दीमा विज्ञापनको अनुमति नगरपालिकाले दिन सक्नेछ ।

**६१. बाधा अडकाउ फुकाउने अधिकार :**

यस ऐनको उद्देश्य कार्यान्वयन गर्न कुनै बाधा अड्काउ परेमा नगर कार्यपालिकाको निर्णयले त्यस्तो बाधा अड्काउ हटाउन आदेश जारी गर्न सक्नेछ र त्यस्तो आदेश यसै ऐन बमोजिम भएको मानिनेछ ।

**६२. बचाउ र लागू नहुने :**

(१) यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियममा उल्लेख भएका विषय सोही बमोजिम र उल्लेख नभएका विषय प्रचलित कानुन बमोजिम हुनेछ ।

(२) यस ऐनमा लेखिएको कुनै कुराले विद्यालयको सम्पत्ति हिनामिना गरेको कसूरमा भ्रष्टाचार निवारण ऐन २०५९ अन्तर्गत कार्यवाही चलाउन बाधा पर्ने छैन ।

(३) संविधान र सङ्घीय तथा प्रादेशिक कानुनसँग बाझिएको यस ऐनका दफा र उपदफाहरू बाझिएको हदसम्म स्वतः निष्क्रीय हुनेछ ।

(४) यसअघि कानुन बमोजिम नियुक्त शिक्षक कर्मचारीहरूलाई नेपाल सरकारबाट दिइदै आएको सुविधामा कुनै किसिमको कटौति गरिने छैन । तर यो व्यवस्थाले कानुन बमोजिम दण्ड, सजायँ र कारवाही गर्न बाधा पर्ने छैन ।

आज्ञाले
गजेन्द्र नाथ शर्मा
प्रमुख प्रशासकीय अधिकृत